नेवा सेकुवा पसः
यामाहा शोरूमपछाडि, पानीटङ्की, वीरगंज
मो. ९८४५०६१६०२

यहाँ शुद्ध खसी र कुखुराको मासुका परिकार पाइन्छ ।

PRATEEK DAILY
# प्रतीक
दैनिक
राष्ट्रिय 'क' वर्ग
eprateekdaily.com



Parsa Marble & Tiles Pvt. Ltd.
Adarshnagar-10, Birgunj
(front of Panitanki Gate)
051-591592, 9811895095

❖ वर्ष ३५ ❖ २०७८ मङ्सिर ४ गते शनिवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 November 20 Saturday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ८४

## दलाल सक्रिय भएपछि मलखादमा झेल

प्रस, वीरगंज, ३ मङ्सिर/

कृषि सामग्री कम्पनी लि. र साल्ट ट्रेडिङ कम्पनीमा दलालहरू सक्रिय भएपछि अहिले किसानहरूले मल पाइरहेका छैनन् ।

नेपाल सरकारले खरीद गरेको अनुदानको मलमध्ये कृषि सामग्रीको ७० प्रतिशत र साल्ट ट्रेडिङले ३० प्रतिशत बिक्री गर्दै आइरहेका छन् । नेपालमा चाहिने आवश्यक मल अहिलेसम्म पूर्ति हुन नसकेको तथा मौज्दात मलमा पनि कालोबजारी हुन थालेपछि वास्तविक किसान मारमा परेका हुन् । वीरगंजस्थित दुवै कार्यालयमा दर्जनौं दलाल सक्रिय भएपछि स्थानीय तहमा बिक्रीको लागि पठाएको मल बीच बाटो वा स्टोरबाट नै अन्यत्र पठाउने गरेको बिक्रेताहरू बताउँछन् ।

कृषि सामग्रीले मङ्सिर १ गतेदेखि वितरण गरेको डिएपी मल समानुपातिक ढङ्गबाट नभएको तथ्याङ्क उपलब्ध गराएको छ । वीरगंजमा खेतीयोग्य जग्गा धेरै कम रहेको तर महानगरको नाममा ३२ वटा संस्थाले मल लगेको देखिन्छ । कुनै गाउँपालिकामा बिक्रेता सहकारीहरू थोरै र कुनैमा बढी रहेको देखिन्छ । तर कार्यालयले समानुपातिक तरीकाले मल वितरण नगरी हचुवाको भरमा सहकारीहरूलाई मल वितरण गरेको देखिन्छ ।



तस्वीरः प्रतीक

नेपाल सरकारले किसानहरूलाई मात्र पचास प्रतिशत मल उपलब्ध गराउने गरेको तथा पचास प्रतिशत किसानहरूले आफैंले जोहो गर्ने गरेका छन् । कृषि सामग्रीका प्रमुख गोरख केसीका अनुसार पछिल्लो समय दुई ऱ्याक (एक लाख बोरा) डिएपी मल आएकोमा पचास हजार बोरा मल विराटनगर क्षेत्रलाई पठाएको तथा पचास हजार बोरा वीरगंजलगायत १५ वटा बिक्री केन्द्रमा समानुपातिक तरीकाले वितरण गरिएको बताए । उनले शुक्रवार पर्सामा ५५ वटा डिलरलाई १३०/१३० बोरा मल पठाएको बताए ।

सो कार्यालयले उपलब्ध गराएको तथ्याङ्क अनुसार वीरगंज महानगरपालिका अन्तर्गत रामरहिम, गौरव, भद्रकाली, सौगात, स्वीकृत, यङ्गस्टार, सङ्कल्प, चारपाते, अपना, भुवनेश्वर, प्रगतिशील, भिडान, हरिओम, गण्डक, हरहर महादेव, अशोक बिन, सत्य सेवा, हरे कृष्ण, सीताराम, सद्भाव, सहकारी सङ्घलाई प्रतिसंस्था १३० बोराको दरले मल पठाएको प्रमुख केसीले बताए ।

पोखरिया नगरपालिकामा नवजागृति, टेडीमाई, हरिदर्शन, सहभागी, राजा, लालमतीमाई, त्रिमूर्ति, कुशवाहा बीज भण्डार, कृषि उपभोक्ता समूह गरी ९ वटा संस्थामार्फत मल पठाएको उनले बताए ।

पर्सागढी नपामा पर्सागढी, गतिशील, गोरयाबानी, सेतो गुराँस, जयशङ्कर बाबा, खोपडारमाई, सिद्धनाथ कृषि गरी ७ वटा संस्थामा मल पठाएको प्रमुख केसीले बताए ।

बहुदरामाई नपामा जनमुखी, प्रगतिशील, रमौली, सहेली, सुन्दर, राधेकृष्ण, बहुदरामाई, सहकारी संस्था लि., जनसुधार, पिडरीमाई, विशमिल्लाह, बौधीमाई, मुस्कान, श्रद्धा केसी, गुलाइचीमाई गरी १५ वटा संस्थामा मल पठाइएको छ ।

कालिकामाई गापामा धन्या, कालिकामाई, विश्वकर्मा, समाजसुधार, सुरज हार्डवेयर गरी ५ वटा संस्थामा मल गएको देखिन्छ ।

पटेर्वासुगौली गापामा टेडीमाई र सहकारी संस्था लि. गरी दुईवटा संस्थामा मल पठाइएको छ । धोबिनी गापामा आकृति, साना किसान, आद्यशक्तिमाता गरी तीनवटा संस्थालाई मल दिइएको छ ।

पकाहामैनपुर गापामा सहमति, निमियामाई, नरसिंहबाबा, पवनपुत्र, हिमचुली गरी ५ वटा संस्थालाई मल दिइएको देखिन्छ । जगरनाथपुर गापालाई सिंचाइ जल, प्रगतिशील, प्रगति सहयोग, जय जवान गरी चारवटा संस्थालाई मल दिइएको छ ।

जीराभवानी गापामा सूर्य जल, शिवा, जय मारुतिनन्दन, रवि सहकारी, सुपौली, सङ्गम गरी ६ वटा संस्थालाई मल पठाइएको छ । ठोरी गापामा चौतारी संस्थालाई मात्र मल पठाएको सो कार्यालयको तथ्याङ्कमा देखिएको छ । विन्ध्यवासिनी गापामा जय भोला, सातोमाई, लोकप्रिय, संयुक्त कृषि गरी चारवटा संस्थालाई मल पठाएको छ ।

सखुवापरसौनी गापामा बेलमाई, फिजा, मङ्गलबाबा, बालीनाली, रिमझिम, साहस, थल, किरणमुखी, कोपिला गरी ९ वटा सहकारीमार्फत मल बिक्री वितरण भइरहेको सो कार्यालयले जनाएको छ । छिपहरमाई गापामा माता छिपहरमाई, राधेश्याम सेवा संस्थामार्फत मल वितरण भइरहेको कृषि सामग्रीले जनाएको छ ।

कार्यालयमा भेट भएका बिक्रेतासँग बुझ्दा कर्मचारीहरूले समानुपातिक तरीकाले मल बिक्रीको लागि नदिएको र जुन गापामा धेरै संस्था छन् त्यहाँ धेरै मल गएको र कुनै गापामा थोरै संस्था भएकोले सोही अनुपातले मल दिंदा त्यहाँका कृषकहरू मारमा परेको जानकारी दिएका छन् ।



मलको सञ्चयः पर्सागढी नगरपालिकाका किसान अहिले धान भित्र्याउन व्यस्त छन् । धान भित्र्याएसँगै गहुँ, मकै बाली लगाइन्छ । त्यसका लागि मल आवश्यक पर्छ तर सो समयमा मल उपलब्ध नहोला भनेर अहिले नै किसानहरू मल सञ्चय गर्न थालेका छन् । यसै क्रममा पर्सागढी नपा-४ मा रहेको प्रगतिशील कृषि सहकारी संस्था लि.मा मल लिन किसानहरूको भीड । तस्वीरः नरेश यादव

**गणना गर्ने अवधिः**
**कात्तिक २५ गतेदेखि मङ्सिर ९ गतेसम्म ।**
नेपाल सरकार
विज्ञापन बोर्ड

## वीरगंज-रक्सौल सीमालाई हैप्पी बोर्डर माग

प्रस, वीरगंज, ३ मङ्सिर/

वीरगंज उद्योग वाणिज्य सङ्घका अध्यक्ष डा सुबोध गुप्ताले वीरगंज-रक्सौल सीमालाई हैप्पी बोर्डरको रूपमा परिणत गर्न सुझाव दिएका छन् ।

शुक्रवार सङ्घको कार्यालयमा भारत, मुजफ्फरपुर संसदीय क्षेत्रका सांसद अजय निषादसँग छलफलमा उनले गरी सञ्चालनमा ल्याउन पहल गर्न आग्रह गरे । उनले वीरगंज-रक्सौल नाकाबाट दैनिक हजारौं यात्रीहरूको आवागमन हुने भएकोले यो क्षेत्रलाई हैप्पी सीमाको रूपमा परिणत गर्न सांसद निषादको ध्यानाकर्षण गराए । उनले यसका लागि सीमा क्षेत्रको दुवैतर्फ २५/२५ किलोमिटरमा भौतिक पूर्वाधार विकास गरी यात्रीहरूलाई कुनै

सांसद निषादले वीउवासङ्घले उठान गरेको विकाससम्बन्धी मुद्दालाई आफूले सकारात्मकरूपमा लिएको बताए । उनले यी मुद्दाहरूलाई मूर्तरूप दिन आफ्नो तहबाट हुने सबै प्रयास गर्ने आश्वासन दिए । उनले आफूले प्रदेश र केन्द्र सरकारको यस विषयमा ध्यानाकर्षण गराउने पनि बताए ।



तस्वीरः प्रतीक

सो कुरा बताएका हुन् । अध्यक्ष डा गुप्ताले रक्सौल वरपर क्षेत्रको भौतिक पूर्वाधारको अवस्थाप्रति सांसद निषादको ध्यानाकर्षण गराउँदै सडकलगायत भौतिक स्तरोन्नतिका लागि पहल गर्न आग्रह गरे ।

उनले सन् १९७५ अगाडि सञ्चालनमा आएको र त्यसपछि बन्द भएको रक्सौल एयरपोर्टको स्तरोन्नति पनि किसिमको कष्ट नहुने वातावरण निर्माण गर्न सुझाव दिए । यसो गरेको खण्डमा दुवैतर्फ पर्यटकहरू आकर्षित हुने उनको सुझाव थियो ।

प्रदेश २ का ऊर्जा तथा खानेपानी मन्त्री ओमप्रकाश शर्माले नेपाल-भारत सीमा क्षेत्रको विकासको लागि प्रदेश सरकारबाट हुन सक्ने सहयोगको लागि आफूले इमानदार पहल गर्ने बताए ।

कार्यक्रममा बोर्डर फर मिडिया हार्मोन भारतका अध्यक्ष अमरेन्द्र तिवारी, सङ्घका पूर्वअध्यक्ष अशोककुमार बैद, वरिष्ठ उपाध्यक्ष अनिल अग्रवाल, उपाध्यक्ष माधव राजपाल, सचिव आशीषकुमार लाठ, सदस्य नरेश टिबडेवाललगायतले नेपाल-भारत सीमा क्षेत्रसँग जोडिएका विषयमा धारणा राखेका थिए ।

## रामनगरी नमूना माविका विद्यार्थीले प्रअ/वडाध्यक्षलाई थुने

राधेश्याम पटेल, परवानीपुर, ३ मङ्सिर/

पर्सा, बहुदरमाई नगरपालिका-८ रामनगरीस्थित देवनन्दन देवराज नमूना माविका विद्यार्थीहरूले आज बिहानैदेखि तालाबन्दी गरेका छन् ।



विद्यालय बाहिर प्रदर्शन गर्दै विद्यार्थी ।

विद्यालयका प्रधानाध्यापक, वडा नं ८ का वडा अध्यक्ष पुनिलाल साह र विद्यालय व्यवस्थापन समितिका सदस्य राजेन्द्र पडितलाई प्रअकै कार्यकक्षमैं थुनेर तालाबन्दी गरेका हुन् ।

विद्यार्थीको तुलनामा विषयगत शिक्षक नभएको भन्दै शिक्षकको व्यवस्था मिलाउनुपर्ने माग गर्दै बाध्य भएर आन्दोलन गरिएको विद्यार्थीहरूले बताएका छन् । विद्यालयमा १२ सम्म पढाइ हुन्छ । प्लस टुमा शिक्षा र वाणिज्य सङ्काय चल्छ । ८४० विद्यार्थी रहेको विद्यालयमा जम्मा सातजना शिक्षकले पढाउँदा पढाइ पनि राम्ररी हुन नसकेको र यसैबीच नगरपालिकाको शैक्षिक प्रशासन महाशाखाले प्रावि स्थायी शिक्षक मनोज सहनीलाई भङ्गी साह विश्रामपुरमा सरुवा गरेपछि अवस्था झनै बिग्रेकोले बाध्य भएर विद्यार्थीहरूले आन्दोलनमा उत्रिनुपरेको बताएका छन् । कक्षा ११ की छात्रा बबिताकुमारी गोसाइँले शिक्षक अभावको कारण ६ घण्टीमा दैनिक २ घण्टी मात्र पढाइ हुने गरेको र आफूहरूको भविष्यसँग खेलवाड भइरहेको बताइन् । उनी शिक्षक समस्याबारे विद्यालयका प्रधानाध्यापक र विव्य समितिका पदाधिकारीलाई जानकारी गराउँदा समेत कुनै सुनुवाइ नभएपछि प्रअ तथा अन्य पदाधिकारीलाई थुनेर सडक जाम गर्नुपरेको स्पष्ट पारिन् ।

यस विषयमा विद्यालयका प्रधानाध्यापक मनोजकुमार श्रीवास्तवले शिक्षक पदपूर्तिको सवालमा नगरपालिकाले सहयोग नगरेको बताउँदै नमूना विद्यालयको बजेट पनि विद्यालय व्यवस्थापन समितिले पूर्णता नपाउँदा दिन नमानेको आरोप लगाए । पटकपटक नगरपालिकालाई विद्यालयको समस्या जानकारी गराउँदा पनि मेयर नितेन्द्र साह र प्रमुख प्रशासकीय अधिकृत विदुरप्रसाद उप्रेतीले कुनै चासो नदिएर यस्तो अवस्था सृजना गराएको आरोप लगाए । नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत उप्रेतीले विद्यालयमा स्थानीयले राजनीति गरिरहेकाले विद्यार्थी उग्र भएका बताए । उनले सरुवा गरिएको शिक्षकले विद्यार्थीलाई उचालेर यस्तो गतिविधि गराएको बताए । उनले विद्यालय व्यवस्थापन समितिले पूर्णता पाएपछि नमूना विद्यालयको बजेट फुकुवा दिने बताए । विद्यालयमा माविमा जम्मा एक, निमाविमा दुई र प्राविमा तीनवटा दरबन्दी छ, केही शिक्षक करारमा नियुक्त रहे तापनि उनीहरूले तलब पाएका छैनन् ।



विद्यार्थीहरुको समस्याबारे छलफल गर्दै प्रअ, वडाध्यक्ष । तस्वीरः प्रतीक

(बाँकी अन्तिम पातामा)

## विचारसार र सूक्तिहरू

**दृष्टिअनुरूप सृष्टि बन्छ । आफ्नो दृष्टि बदल ताकि नयाँ सृष्टिको दर्शन र सम्पर्क लिन सक्छौ ।**


| | |
|---|---|
| प्रकाशक | : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : विकाश शर्मा |
| सम्पादक | : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| बारा विशेष प्रतिनिधि | : गम्भीरा सहनी |

मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९,
फोन नं. ०५१-५२५१२२, ५२३१०५, ९८४५०२१९१०
email: prateekdaily@gmail.com
Website: www.prateekdaily.com


# सरकार किसानमैत्री भएन

**किसानहरूलाई अहिले गहुँखेती गर्ने समयमा पनि मलको समस्या झेल्नुपरेको छ । सरकारले मलको समस्या हुँदैन भनेको कैयन वर्ष बितिसक्यो तर जबजब खेतीबालीको बेला आउँछ, यो समस्याले उनीहरूलाई पिरोल्न भने छाडेको छैन। सरकारसँग देशभर हुने खेतीपातीको तथ्याङ्क छ । यसैगरी, वर्षभरि गरिने खेतीपातीको लागि आवश्यक पर्ने मलबारेमा पनि जानकारी छ । तर प्रत्येक वर्ष कुनै न कुनै कारणवश मलको अभाव हुने क्रम पनि टुटेको छैन। यस वर्ष धानखेतीको बेलामा पनि मलको अभाव रह्यो । आवश्यक मलको पूर्ति साल्ट ट्रेडिङ र कृषि सामग्री कम्पनीले गर्न सकेनन् । मलको आपूर्ति सहज पार्नका लागि सरकारले आयातकर्तासँग गरेको सम्झौता अनुसारको मल देशमा आएन । मल आयातको जिम्मेवारी लिएको आयातकर्ता कम्पनीले तोकिए अनुसारको मल आपूर्ति गर्न नसकेर दण्डित बन्यो । नेपालमा आवश्यक मल भारतबाट आयात हुन्छ वा तेस्रो मुलुकबाट भारतको बाटो भएर आउने गर्छ। भारतले मल आयातमा ढिला मात्र गरेन, त्यहाँको बन्दरगाहमा आएको मल समयमा पठाउनेतर्फ पनि बेवास्ता गऱ्यो, जसको परिणाम नेपाल सरकारले बङ्गलादेश सरकारसँग मलको लागि गुहार लगाउनुपऱ्यो । बङ्गलादेशले नेपाल सरकारको आग्रहमा ५० हजार बोरा मल फास्ट ट्र्याकबाट उपलब्ध पनि गरायो। तर त्यहाँबाट आएको ५० हजार बोरा मल देशभरका किसानहरूको लागि पर्याप्त भएन । फलतः मलको अभावमा उत्पादन प्रभावित भयो । अहिले धानबाली भित्र्याउने र गहुँखेतीको लागि बीउ छर्न किसानहरू व्यस्त छन् ।**

**धान भित्र्याएसँगै खेत खनतोज गरेर गहुँको बीउ छर्ने कार्यमा व्यस्त हुनुपर्ने किसानहरू अहिले मलको जोहो गर्न लाग्नुपरेको छ। गहुँको बीउ छरेको दुई सातामा किसानहरूले मल छर्नुपर्छ। तोकिएको अवधिमा मल छर्न नसकेको खण्डमा उत्पादन घट्न सक्छ । किसानको उत्पादन बढाउनका लागि आवश्यक मल, बीउबिजन, सिंचाइ आदिको व्यवस्था तीन तहको सरकारले गर्नुपर्ने हो । किसानले खेतीपाती सहजरूपमा गर्न सकेको खण्डमा उत्पादन बढ्छ र देश खाद्यान्नमा आत्मनिर्भर बन्न सक्छ। नेपाललाई कृषिप्रधान देश भनिन्छ, तर यहाँका किसानहरू जहिले पनि कुनै न कुनै समस्याबाट जेलिएकै हुन्छन् । किसानहरू खेती कर्म गर्दा समस्यामुक्त हुने हो भने मात्र उनीहरू उब्जनी बढाउने गरी खेती कार्यमा खट्न सक्छन् । वैदेशिक रोजगारको नाममा बर्सेनि लाखौंको सङ्ख्यामा युवा विदेशिदै गरेकाले खेती कर्मको लागि नेपालमा जनशक्तिको कमी हुँदै गएको छ। घरमा भएका बूढापाकाहरूले कृषि कार्य गर्दै आएको यथार्थ कसैबाट लुकेको छैन ।**

**युवा जनशक्तिको अभावमा कृषि कार्यबाट सोचेअनुरूपको उपलब्धि हासिल हुन सकिरहेको छैन । उपलब्ध थोरै जनशक्तिबाट कृषि कार्य हुँदै आएकोमा त्यो शक्तिले खेत खनजोत गर्ने, बीउबिजन, मल, सिंचाइको व्यवस्था गर्ने जस्ता समस्या विद्यमान छ। केन्द्र, प्रदेश र अहिले स्थानीय तह गरी तीनथरीको सरकारबाट पनि किसानहरू समस्याग्रस्त हुनु आफैंमा लाजमर्दो कुरा हो । भन्ने बेलामा केन्द्र, प्रदेश र स्थानीय तहका जनप्रतिनिधिहरू आफूलाई किसानको छोरा भन्न गर्व गर्छन् । तर त्यही किसानका छोरा भनाउँदाहरू आफ्नो पैतृक पेशालाई मजबूत र समस्यारहित बनाउन क्रियाशील हनै सकेका छैनन् । शायद यसको एउटै कारण [redacted]?**

# सृजनाशील बन्ने कोशिश गर्ने कि ?

स्वतन्त्र विचार




राजेन्द्रप्रसाद कोइराला
(A PhD Scholar)


**प्राप्ति सानो वा ठूलो हुँदैन, त्यसलाई आत्मसात् गर्ने र व्याख्या गर्ने तौरतरीकामा भर पर्दछ। त्यसैले हरेक दिन नयाँ काम, नयाँ जोश र जाँगरका साथ गर्नुपर्दछ। हो हामी एकैपटक ठूला–ठूला काम गर्न सक्दैनौं तर साना–साना काम भने ठूला उत्साह, उमङ्ग र प्रेरणाका साथ गर्न सक्छौं ।**

"सबैले भन्छन् दुः ख नराम्रो हुन्छ, जैले आउँछ रुवाएर जान्छ। तर भनिन्छ दुःख राम्रो हुन्छ जब आउँछ जिउने नयाँ तरीका सिकाएर जान्छ।"

अब्दुल कलाम भन्छन्–सृजनाशील बन्ने कोशिशले रचनात्मकता दिन्छ; सृजनशीलताले सही विचारतर्फ डोऱ्याउँछ । विचारले ज्ञान दिन्छ। ज्ञानले ठूलो बनाउँछ।"

जीवन केवल बाँच्नका लागि नभई सृजनाको लागि हो। हामी रक्षार्थ नभई विस्तारका लागि यहाँ छौं। जीवन विशाल खेल मैदान वा क्यानभास हो जसमा हामी चाहेको चित्र कोर्न या लेख्न सक्छौं। हामीहरू जस्तो कल्पना, इच्छा गर्छौं, त्यस्तै प्राप्ति पनि गर्छौं । हामी जहाँ पुग्न प्रतिबद्ध भएर अगाडि बढ्छौं त्यहाँ पुगेका हुन्छौं। तर त्यसका लागि बलियो आत्मीय प्रार्थना चाहिन्छ । त्यसैले हेरी बर्ड भन्छन्– "एउटा आत्मीय प्रार्थना एटम बमभन्दा शक्तिशाली हुन्छ।"

समस्याको खोजी गऱ्यौं भने आफूलाई समस्यामा घेरिएको पाउँछौं। अवसरको खोजी गऱ्यौं भने अवसर मात्र पाउँछौं। यो जीवनको एउटा रहस्य हो। सफलता पाउने खोजी गर्दा अत्यधिक सफलता प्राप्त हुन्छ । सफलता प्राप्ति क्षणिक प्रयासबाट सम्भव छैन; हामी जहाँ छौं, त्यहीं राम्रो अवस्थामा रहने प्रयास गऱ्यौं भने त्यसले हामीलाई अझ प्रगति गर्ने उत्प्रेरणा दिन्छ। हामीले सधैं प्रगतिशील बन्ने चेष्टा गर्नुपर्दछ।

परिस्थितिले साथ देला अनि शुरू गरौंला भनेर पर्खेर बस्यौं भने त्यो कहिल्यै हाम्रो आँगनमा सकारात्मक वातावरण लिएर आउँदैन । त्यसको निर्माण त हाम्रो प्रयत्नबाट नै हुनुपर्दछ । जसले परिस्थितिलाई दोष दिएर कामको शुरूआत गर्न ढिलासुस्ती गर्छ उसलाई सफलताले पनि लत्याइरहेको हुन्छ। तर यदि हामीले आफू आत्मविश्वासी भएको कुरा प्रदर्शन गर्न सक्यौं भने हाम्रो आफ्नै जीवनले हामीलाई हरेक पल, हरेक अभियान र हरेक सफलताको भागीदार बनाउँछ। त्यसैले प्रत्येक दिन नयाँ कर्मका लागि तयार रहने हो भने चमत्कार र अवसर जतातत्तै छ त्यसलाई समात्न सकिन्छ। हामी जहाँ जान्छौं, जे गर्छौं, जे बोल्छौं, अन्तर्आत्माबाट गरौं, हामीले कहिल्यै हार्नुपर्दैन।

त्यसैले डगलस म्यालेच भन्छन्– यदि तिमी पहाडको टुप्पाको पीपल वृक्ष बन्न सक्दैनौ भने बेंसीको सिमल भए पनि बन। यदि तिमी ठूलो वरको वृक्ष बन्न सक्दैनौ भने सानो बुट्यान भए पनि बन। यदि तिमी जहाजको क्याप्टेन बन्न सक्दैनौ भने चालक दलको सहयोगी भए पनि बन। यदि तिमी राजमार्ग बन्न सक्दैनौ भने गोरेटो भए पनि बन। यदि तिमी चन्द्रमा बन्न सक्दैनौ भने तारा भएपनि बन। के बन्छौ भन्ने कुराको खास अर्थ छैन, कस्तो बन्छौ भन्ने कुराले ठूलो अर्थ राख्दछ।

यहाँ तिमीले चाहेमा बन्न सक्ने धेरै अवसरहरू छन् । तर जे बन्छौ त्यसमा उत्कृष्ट बन, अरूभन्दा फरक बन । भीडको एउटा सदस्य मात्र भएर नबस। भीडका मानिस औसत मानिस हुन्। ठूला र असल मानिस जहिले पनि औसत मानिसभन्दा भिन्न हुन्छन् र भीडमा पनि प्रस्ट चिनिन्छन्।

आफ्नो सपनामाथि विश्वास छ भने हाम्रा लागि सफलता दुर्लभ हुँदैन । अरस्तुका अनुसार भित्री हृदयबाट उत्प्रेरित भएर गरिएको कल्पनाले मानिसमा त्यसको प्राप्तिका लागि अघि बढ्ने बानी बसालिदिन्छ। सुन्दर भविष्य त्यसैको हातमा छ जसले आफ्नो सपनाको सुन्दरतामा विश्वास राख्दछ । हामी जे खोज्छौं त्यही पाउँछौं। संसार हामीप्रति उत्तरदायी छ। यो हाम्रो कर्म, व्यवहार भाषा, अनुशासन र संवादबाट प्रभावित हुन्छ।

जीवन धान्ने ऊर्जाशक्तिको सञ्चय र रक्षा गर्दै, स्याहार्दै, हुर्काउँदै, फुलाउँदै अगाडि बढेमा लक्ष्य विन्दुमा पुग्ने आशा उर्लिंदै जान्छ र उत्साह बढ्दै जान्छ । विचार सुन्दर बनाउने हो भने जीवन धान्ने शक्ति फैलाउँदै जाने बाटो सजिलो र सहज हुने गर्दछ। परिवार वा समूहमा मेलमिलाप बढेर द्वन्द्व कम भई सामूहिक भावना वृद्धि हुने गर्दछ। काममा खुशी र रमाइलो अनुभव हुन्छ । क्षमता वा सकारात्मक पाटोबाट काम गर्दा धेरै उपलब्धि, थोरै वा शून्य पीडा हुन्छ।

गहन प्रेम र असाधारण प्राप्तिका लागि जहिले पनि जोखिम उठाउनु नै पर्दछ। जोखिम नउठाई सफलता प्राप्ति सम्भव छैन । म यो नगरी छाड्दिनँ, यसलाई सम्पन्न नगरी विश्राम लिन्नँ भनेर एकाग्र मनले कर्मसिद्धिको अभियान चलाउनेहरूले नै यो संसारमा आफ्नो छुट्टै र प्रभावशाली पहिचान बनाउन सकेका छन्।

एक्लै पर्छु कि भनेर डराउनेहरू कहिल्यै गन्तव्यमा पुग्न सक्दैनन्। एक्लो छु भनेर नडराऔं। आज संसारमा जति पनि असल र सफल मानिस छन्, जसले संसारलाई आफ्नो प्रभावमा राखेका छन्, काम शुरू गर्ने बेला ती एक्लै थिए । औचित्यपूर्ण कर्मको निरन्तरताले उनीहरूलाई महान् नायक बनायो । उनीहरूको अभियानमा संसार लामबद्ध भएर हिंड्यो।

त्यसैले याद राखौं–

एउटा सानो र एक्लो ताराको पिलपिले उज्यालोले विशाल समुद्रमा राति आवागमन गर्ने पानीजहाजलाई दिशा निर्देश गर्दछ । एउटा छोटो तर ओजिलो शब्दले जीवनको लक्ष्य वा ध्येयलाई स्वरूप प्रदान गर्दछ । एउटा अमूल्य मतले मुलुकको भविष्य निर्माण गर्ने ताकत राख्दछ।

एउटा सानो छिद्रबाट पसेको प्रकाशले अँध्यारो कोठालाई उज्यालो बनाइदिन सक्छ।

एउटा मैनबत्तीले ठूलो कोठाको अँध्यारो निमिट्यान्न पारी दिन सक्छ।

एउटा सुन्दर मुस्कानले हजारौं आत्मामा अमीट प्रभाव छोड्न सक्छ।

हजारौं माइल लामो यात्रा एउटा दरिलो पाइलाबाट शुरू हुन्छ।

हरेक प्रार्थनाको शुरूआत एउटा प्रेरणादायी शब्दबाट हुन्छ।

एउटा आशाको दियोले हाम्रो उत्साहलाई सधैं जागृत गराइराख्दछ।

बृहत् दृष्टिकोण राखेर आशावादी भई काम गर्दा गरिमा र प्रेरणा दुवै मिल्छ। जीवन मजबुत बनाउन ज्ञान जरूरी छ तर ज्ञानका लागि सुनाइ अपरिहार्य छ । भगवान्ले दुई कान र एक मुख धेरै सुन्न र थोरै बोल्न बनाएका हुन्। शरीर जति ठूलो भएपनि आँखा साना र तीखा बनाइदिएका छन् त्यसको अर्थ जीवनलाई गहन र मिहिनरूपमा हेर भन्नु नै हो । हाम्रो नाकले पनि हामीलाई त्यही इङ्गित गर्दछ कि हाम्रा वरिपरि धेरै सुगन्धित फूलहरू फुलेका छन् तिनको सुगन्धबाट जीवनको शाश्वत सत्य बुझ्न सकिन्छ । त्यसैले हाम्रा इन्द्रियहरूका आफ्नै सकारात्मक विशेषता र कर्महरू छन् । तिनको उचित र सकारात्मक प्रयोगले जीवनलाई अपराजित बनाउन सकिन्छ।

हामीहरू जित्नलाई जन्मेका हौं, जित्नु भनेको भौतिक सम्पन्नता, द्रव्य, दौलतको अहङ्कार, हात हतियारको दुरुपयोग, विनाश र विध्वंसबाट डर पैदा गरेर अरूको अस्तित्व निमिट्यान पार्नु होइन, बरु हामीले आफ्ना सारा सम्भावनाका ढोकाहरू खोलेर नयाँ सृजनामा रमाउँदै सबैमा सुख, शान्ति र समृद्धि छर्नु हो।

हो, हामीले सोचे जस्तो यो वर्ष नहोला, अर्को वर्ष पनि नहोला, दुईचार वर्षभित्र नहोला तर निरन्तर प्रयासको परिणाम अवश्य कुनै वर्ष प्राप्त हुन्छ । तर त्यो प्राप्तिमा सन्तुष्ट हुन नसक्नु नै मानवीय स्वभाव वा कमजोरी हो। प्राप्ति सानो वा ठूलो हुँदैन, त्यसलाई आत्मसात् गर्ने र व्याख्या गर्ने तौरतरीकामा भर पर्दछ। त्यसैले हरेक दिन नयाँ काम, नयाँ जोश र जाँगरका साथ गर्नुपर्दछ। हो हामी एकैपटक ठूला–ठूला काम गर्न सक्दैनौं तर साना–साना काम भने ठूला उत्साह, उमङ्ग र प्रेरणाका साथ गर्न सक्छौं।

आफ्मा नयाँ सिर्जना र व्यवहारको भोक जगाउन सकियो भने यो सिर्जना नै जीवनको विश्वास र संस्कार बन्न पुग्दछ। नयाँ सृर्जना गर्ने क्रममा हामी केही चुनौतीका बीच रुमलिन्छौं, सानो असफलतामा ठूलो उत्साह गुमाउन पुग्दछौं। तत्कालीन अवस्थामा भोग्नु परेको असफलताको अर्थ जीवनको पूर्ण असफलता भने पक्कै होइन, बरु आगामी सफलताका लागि आधार र अवसर हो किनकि असफलताले परिपक्वता सुनिश्चित गर्दछ । यसले प्रमाणमा आधारित प्रयोगसिद्ध व्यवहार र ज्ञान प्रदान गर्दछ, जुन भविष्यको लागि सुन्दर मार्गनिर्देश हुन सक्छ । त्यसैले हरेकले आफूमाथि दुविधा होइन, भरोसा राखेर सिर्जनामा जुट्नुपर्दछ।

समाज हामीले चाहेजस्तो नहुन सक्दछ। यही समाजमा मानिसहरू कुतर्क गर्ने, बेढङ्गी र आत्मकेन्द्रित पनि हुन्छन्। जे भए पनि उनीहरूलाई माया गर्नु हाम्रो धर्म हो । हामीले अरूलाई राम्रो गर्दैमा सबैले हामीजस्तै राम्रो गर्छन् भन्ने छैन। राम्रो गर्दागर्दै पनि मानिसहरू औंला ठड्याउन थाल्नेछन् तर जे भए पनि उनीहरूलाई माया गर्नु नै बेस हुन्छ। यदि हामी सफल भयौं भने हामीले गलत साथी र साँचो शत्रुलाई परास्त गर्नेछौं। त्यसैले सकारात्मक भाव लिएर अगाडि बढेर सुन्दर संसारको रचना गरौं । यदि जिन्दगीमा केही गर्नुछ भने आफैंप्रति विश्वास र सङ्कल्प नबदलौं, बरु त्यो प्राप्त गर्ने तरीका बदलौं।

**जाँदाजाँदै-**

**डुब्यो भने पानीलाई दोष दिन्छ,**
**लड्यो भने ढुङ्गालाई दोष दिन्छ,**
**मान्छेको बानी पनि साह्रै उदेकलाग्दो छ,**
**केही गर्न सकेन भने भाग्यलाई दोष दिन्छ।**

# बढेको मूल्य फिर्ता लिन सेवाप्रदायक कम्पनीको माग

काठमाडौं, ३ मङ्सिर/रासस

नेपाल विद्युत् प्राधिकरणले कुनै पनि इन्टरनेट सेवाप्रदायक कम्पनीले पोल भाडा सम्झौता नगरेको जनाएको छ।

तोकिएको समय कात्तिक मसान्तसम्म कुनै पनि सेवाप्रदायक कम्पनी पोलभाडा सम्झौताका लागि नआएको प्राधिकरणले जनाएको छ।

लामो समयको विवादपछि प्राधिकरण र नेपाल दूरसञ्चार प्राधिकरणले इन्टरनेट सेवाप्रदायक कम्पनीलाई पोलभाडा सम्झौताका लागि कात्तिक मसान्तसम्मको समय दिइएको थियो। तोकिएको समयमा प्राधिकरणले भनेअनुरूप कुनै पनि सेवाप्रदायक कम्पनीले पोलभाडा सम्झौता गर्न नआएको प्राधिकरणको ग्राहक सेवा निर्देशनालयका उपकार्यकारी निर्देशक मनोज सिलवालले जानकारी दिए।

उनका अनुसार पोलभाडा सम्झौता नै नगरी केही कम्पनीले बक्यौता रकम खातामा जम्मा गरेको पाइएको छ । "दुई/चार वटा कम्पनीले पोलभाडा सम्झौता नै नगरी हाम्रो खातामा पैसा जम्मा गरेको देखिएको छ, त्यसलाई हामीले मान्दैनौं," उनले भने, "हामीले उनीहरूको वास्तविक संरचना कति छ, ती कुराका आधारमा सम्झौता गरेपछि मात्र पैसा लिने हो। सम्झौता नै नगरी पैसा खातामा राखेर सेवाप्रदायक कम्पनी उम्किन खोजेको देखिन्छ, त्यसलाई हामीले मान्दैनौं।"

उनले पोलभाडा सम्झौताका लागि इन्टरनेट सेवाप्रदायक कम्पनीले बेवास्ता गरेपछि नियामक निकायका रूपमा रहेको विद्युत् प्राधिकरणसँग छलफल गरी निष्कर्ष निकालिने जानकारी दिए । प्राधिकरणको तथ्याङ्क अनुसार डिशहोम, एनसेल, सिजी र केही मात्रामा नेपाल टेलिकमबाहेक अन्य सेवाप्रदायक कम्पनीले पोलभाडा रकम भुक्तानी गरेका छैनन्। अन्य कम्पनीको तुलनामा एनसेलले नियमित जस्तै रकम बुझाउने गरेको जनाइएको छ।

इन्टरनेट सेवाप्रदायक कम्पनीका रूपमा दूरसञ्चार प्राधिकरणबाट १३३ वटा कम्पनीले इजाजत लिएका छन्।

**रकम भुक्तानी गरिसकेका छौं – आइस्पान**

इन्टरनेट सेवाप्रदायक सङ्घ नेपाल (आइस्पान)का अध्यक्ष सुधीर पराजुलीले प्राधिकरणलाई पुरानो बक्यौता रकम भुक्तानी गरिसकेको जानकारी दिए । "सेवाप्रदायक कम्पनीले पोल प्रयोग गरेको रकम भुक्तानी गरेनन् भन्ने हामीलाई आरोप लगाइएको थियो । अहिले अधिकांश सेवाप्रदायक कम्पनीले पुरानो बक्यौता रकम भुक्तानी गरिसकेको भन्ने जानकारी आएको छ," उनले भने, "बक्यौता रकम भुक्तानीसँगै हामीले विद्युत् प्राधिकरणलाई पोल प्रयोगको विषयमा जानकारी गराइसकेका छौं।"

उनले इन्टरनेट सेवाप्रदायक कम्पनीले सम्बन्धित वितरण केन्द्रमा पोल प्रयोगको विषयमा जानकारी गराएको बताए । उनले विद्युत् प्राधिकरणले किलोमिटरका आधारमा पोलभाडा सम्झौता गर्नुपर्ने शर्त राखेको भन्दै सेवा सम्झौता नगर्ने अडान राखे। "जबसम्म पोलभाडा विवादको सम्बन्धमा गठन गरिएको समितिले प्रतिवेदन बुझाउँदैन, तबसम्म हामी किलोमिटरका आधारमा पोलभाडा सम्झौता गर्न तयार हुँदैनौं," उनले भने।

प्राधिकरणले २०७७ मा काठमाडौंलगायतका शहरी क्षेत्रमा दोब्बर र ग्रामीण भेगमा आठ गुणाभन्दा बढीले पोलको भाडा बढाएको भन्दै सेवाप्रदायक कम्पनीहरूले बढेको मूल्य फिर्ताको माग गर्दै आएका छन्। बढेको मूल्य फिर्ता नहुँदासम्म बक्यौता रकम भुक्तानी नगर्ने सेवाप्रदायक कम्पनीले अडान राख्दा विद्युत् प्राधिकरणले इन्टरनेटको तारसमेत काटेको थियो। पटक–पटक सूचना प्रकाशन गरी बक्यौता रकम भुक्तानी गर्न आग्रह गर्दासमेत बेवास्ता

(बाँकी अन्तिम पातामा)

[redacted]र्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# वाटिका

वर्ष-३५ | २०७८ मङ्सिर ४ गते शनिवार | 2021 November 20 Saturday




## समुद्रमाथि आकाशमा उड्दा

स्वान्तः सुखाय




सञ्जय मित्र

mitrasanjay41@gmail.com


**सामान्यतया आकाश र धरती मिलन हुने जस्तो लाग्ने ठाउँ क्षितिज हो। नीलो आकाश र नीलो समुद्रको क्षितिज कहाँ हो भन्ने छुट्याउन कदापि सम्भव हुँदैन। आकाशमाथि उड्दै गर्दा झ्यालबाट आँखाले केवल नीलोबाहेक अन्यान्य केही पनि नदेख्ने अवस्था हुँदोरहेछ।**

भूपरिवेष्टित देशका नागरिकले आकाशलाई अनन्त ठान्दछन्। आकाश अनन्त हो पनि। जब समुद्रको किनारमा उभिएर समुद्रलाई हेर्दछन्, तब यस्तो महसूस हुन्छ कि आकाशजस्तै समुद्र पनि अनन्त हुन्छ। आकाश पनि अनन्त र समुद्र पनि अनन्त किन लाग्दछन् भने आँखाको पनि देख्ने क्षमता हुन्छ। माथि आकाशमा हेर्दा होओस् वा समुद्रको किनारमा उभिएर समुद्रलाई हेर्दा होओस्, आँखाको दृष्टि क्षमताले जहाँसम्म देख्दछ र केही पनि देखिंदैन वा जे देखिन्छ, त्यसमा केही विम्ब हुँदैन भने केवल नीलो देखिन्छ। हो, समुद्र पनि नीलो नै देखिन्छ र आकाश पनि नीलो नै देखिन्छ। आँखाले आफ्नो क्षमताले भ्याएसम्म केवल हेर्ने काम गर्दछ र जब केही देखिंदैन, त्यही अनन्त हुँदोरहेछ।

गत २८ कात्तिकको दिन आकाशमार्गबाट यात्रा गरिरहँदा अनायास आफूलाई समुद्रमाथि पाएँ। समुद्रमाथिको आकाशमा छु भन्ने थाहा पाउनासाथ अज्ञात डर र रोमाञ्च दुवै एकसाथ मन र मस्तिष्कमा भरिए। गत तीन दिनमा चौथो उडानमा छु। पहिलो उडानमा जति डर भएको थियो, त्यो चाहिं अहिले छैन। जमीनमाथि उडिरहेको अनुभूति र समुद्रमाथि उडिरहेको अनुभूतिमा हुने भिन्नता अहिले बुझ्दैछु।

अनन्त पानी देखिंदै गर्दा इन्डिगोको हवाईजहाज अगाडि बढ्दै माथितिर पनि लम्किंदैछ जसले गर्दा पहिले चिनिएको पानी हो कि आकाश हो भन्ने द्विविधा उत्पन्न गर्न सक्षम भइसकेको छ। माथि उडिरहेको छु भन्ने कुरामा द्विविधा कसरी होला तर तलको अनन्त नीलो चाहिं आकाश फेरि कसरी हुन सक्छ। आफ्नै वेगमा उडिरहेको हवाईजहाजको झ्यालबाट तलतिर हेरिरहँदा भने कतैकतै पानीको सतहलाई चिर्दै अगाडि बढिरहेको देखिन्छ। तीव्र गतिमा पानीमा जहाज अगाडि बढ्दै गर्दाको अवस्थामा जहाजको पछाडि भइरहेको पानीको हलचलसम्म पनि देखिएको छ। जसले तलको नीलो सतहमा समुद्रको गतिविधि बुझ्न केही सजिलो बनाएसँगै समुद्रमाथि अनन्तसम्म आँखा पुऱ्याउन सहयोग गर्दछ।

सामान्यतया आकाश र धरती मिलन हुने जस्तो लाग्ने ठाउँ क्षितिज हो। नीलो आकाश र नीलो समुद्रको क्षितिज कहाँ हो भन्ने छुट्याउन कदापि सम्भव हुँदैन। आकाशमाथि उड्दै गर्दा झ्यालबाट आँखाले केवल नीलोबाहेक अन्यान्य केही पनि नदेख्ने अवस्था हुँदोरहेछ। आकाशको विम्ब नै सम्भवतः समुद्रको पानीमा देखिंदो हो। अनन्त आकाश र अनन्त समुद्र। दुई अनन्ततामा नीलोपनको समानता। कसको प्रतिविम्ब कसले ग्रहण गरेको हो ? दुवैको साँध र सिमाना कहाँसम्म हो ? यसलाई पनि आँखाले खुट्याउन असमर्थता प्रकट गरिरहेको छ।

मौसम खराब हुने सङ्केत आएको छ। विमान परिचालिकाबाट यस किसिमको कुरो कानमा ठोक्किन्छ।

अलिकति रोमाञ्च र अलिकति डर भएको पहिलेको मन र मस्तिष्कबाट रोमाञ्चकता अचानक हराउँछ। हुनत हैदराबादबाट कोयम्बतूरको फ्लाइटमा हुँदा पनि मौसम खराब हुने सङ्केत सुनिएको थियो। त्यस यात्रामा देखिएको अनुभूति के थियो भने हवाईजहाजको झ्यालबाट बाहिर केही पनि देखिएको थिएन। केही पनि देखिएको थिएन भन्नुको अर्थ हो– झ्यालबाट बाहिर हेर्दै आँखा चिम्लनु र आँखाले बाहिर हेर्नुमा कुनै भिन्नता नै थिएन। अनुभूति यस्तो हुन्थ्यो कि निकै घना बादलको बीचमा हवाईजहाज उडिरहेको छ, जसले माथिको र तलको दुवैतिरको दृश्यलाई छेकेर अदृश्य बनाइएको छ तर अहिले भने फरक अवस्था रहेको छ। त्यस दिन रात पनि भइसकेको थियो। तर अहिले त बिहानको दश पनि बजेको छैन। झलमल्ल घाम लाग्दा पौने नौ बजेतिर चेन्नई विमानस्थलमा जहाजमा पसेको हुँ र आफ्नो सिटमा बसेको हुँ। कतैकतै फाटफुट बादल देखिनुबाहेक आकाश सफा थियो। आकाशमा विचरण गर्दै गर्दा र झ्यालबाट सूर्यको प्रकाशले कतिपय सिटलाई स्पर्श गरिरहँदाको अवस्थामा जब सिटबेल्ट कसिराख्न, आफ्नो ठाउँबाट नउठ्न र शौचालयमा गएका भए आफ्नो सिटमा फर्कन चेतावनी वा सूचना आउँछ, तब रोमाञ्चकता कहाँ रहन्छ र मनमा ? मनभन्दा निस्सन्देह मस्तिष्क बढी सक्रिय हुन पुग्दछ। यही अहिले भइरहेको छ।

बिस्तारै समुद्रको सतहतिर बादलहरू देखिन थाल्छन्। यो क्रम बढ्दै जान्छ। अब समुद्रको पानी देखिन छाडेको छ। हामीकहाँ असार, साउनको महीनामा कुनै दिन यस्तो हुन्छ कि आकाशभरि केवल बादल मात्र देखिन्छ, एक इन्च कतै नीलो आकाश देखिंदैन, ठ्याक्कै त्यही दृश्य अहिले तलतिरको भएको छ। तलतिर केवल बादल नै बादल मात्र छ। माथितिर आकाश छ। आकाशमा पनि बादलहरू देखिन्छन् फाटफुट, यत्रतत्र छरिएका तर तलतिर भने पूरा छाप्रोजस्तो बादल छ। कहींकतै अलिकति पनि बादलबाट तलतिर देखिने ठाउँ कतै छैन।

हेर्दाहेर्दै माथि पनि आकाश बादलले भरिन थाल्छ। एकै छिनमा अँध्यारो भएजस्तो हुन्छ। मौसम खराब हुने भनेको कुरो चाहिं अहिलेको लागि नै भन्ने बुझ्न अब कुनै गाऱ्हो छैन बुझ्न। अन्य यात्रुहरूमा खासै कुनै हलचल छैन। मसँगैको सिटमा बसेका युवक निदाइसकेका छन्। उनकी आमामा भने खासै उत्साह वा डर अनुहारमा केही पनि देखिदनँ। कर्मचारीहरूमा पनि कुनै हलचल छैन। तुरुन्तै कर्मचारीको बोली सुनिन्छ– खाजाको समय भएको छ।

भोक त मलाई निकै लागिसकेको छ। आज बिहान कोयम्बतूर अन्तर्राष्ट्रिय विमानस्थलमा पुग्नुअघि चियासमेत खान भ्याएको थिइनँ। विमानस्थलभित्र प्रवेश गरिसकेपछि पसलहरू खुलेका थिएनन्। आजको भागमा परेको उज्यालो धरतीमा आउने तयारी गर्दागर्दै हवाईजहाजमा प्रवेश गर्नुपऱ्यो। हवाईजहाजमा प्रवेश गर्दा पनि शहरका सबै बत्ती झिलिमिली नै थिए। बाहिर ओहोरदोहोर गर्दै यात्रुहरूलाई प्लेनमा अथवा प्लेनबाट लिएर जाने बसहरू बत्ती बालेरै गुडेका थिए। विमानस्थलको जुन भागमा छु, त्यस भागलाई केवल बिजुलीबत्तीले नै उज्यालो बनाएको छ। सम्पूर्ण विमानस्थल देखिएको छैन। कतै अवतरण र कतै उडान भरिरहेका हवाईजहाजको आँखाबाट निस्केका प्रकाश समूहहरूले भने कतै आकाशतिर र कतै धरतीतिर अँध्यारोलाई चिरेको र उज्यालो टल्केको भने स्पष्ट नै देखिएका छन्।

सवा छ बजे बिहान कोयम्बतूरको धरतीलाई छोड्दा भने केही उज्यालो भएको थियो तर चिया र खाजाको कतै कुनै गुन्जाइस नभएको स्पष्टै थियो। आशा के थियो भने प्लेनमैं चिया र बिस्कुट खाइएला तर कोयम्बतूरबाट चेन्नईको हवाई यात्रा आकाश मार्गमा केवल पचास मिनेटको हुने घोषणासँगै त्यस आशामाथि तुसारो खसेको हुन्छ।

चेन्नई विमानस्थल यति विशाल थियो कि औपचारिक सुरक्षा प्रक्रिया पूरा गर्दै र लाइनमा बस्दैमा पटनाको लागि उड्ने बेला भइसकेको थियो। कोयम्बतूरबाट चेन्नई ओर्लेपछि र फेरि चेन्नईमा सम्पूर्ण प्रक्रिया पूरा गरेर अगाडि बढ्दै जाँदा बोर्डिङको समय भइसकेकोले चिया र बिस्कुट खाने समय पनि पाएको होइन। नयाँ मानिस र भाषाको समस्या भएकाले केही बढी समय मलाई अवश्य नै लागेको हो। यसैले अहिले खाजाको समय भएको घोषणा हुँदा सबैभन्दा बढी म उत्साहित र खुशी छु। मोबाइलमा बाहिरका फोटाहरू कैद गर्दै आफूनेर खाजा कतिखेर आउला भन्ने प्रतीक्षामा छु।

एकातिर समुद्रमाथि बादल र बादलमाथि हाम्रो हवाईजहाज उडिरहेकोतिर नजर छ भने अर्को चनाखो नजर खाजातिर पनि छ। नजीकै आएपछि खाजाको अर्डर गरें। चिकेन नुडल्स दिंदै विमान परिचालिकाले भनिन्– पाँच मिनेटमा तयार हुन्छ। त्यसपछि खानुहोला।

बादलका अनेक रङ्ग र रूप आइरहेका छन्, गइरहेका छन्। यस्तो लाग्छ कि एकोहोरो उडिरहेको आकाशमा हामी रोकिएका छौं र अलिकति बादलले गति बढाएको छ। साँच्चै आकाशमा हुँदा जब केही पनि देखिने हुँदैन अर्थात् आकाश र समुद्रको संयुक्त रूप केवल नीलो मात्र देखिन्छ, तब वा एकै किसिमका बादलले तलको आकाश पूरै ढाकिएको हुन्छ, तब लाग्छ हवाईजहाज पूरै स्थिर छ। वास्तवमा बाहिरका कुनै पनि दृश्य गतिमान नलाग्दा यस्तो अनुभूति हुने रहेछ कि हवाईजहाजमा कुनै गति छैन। कतै आकाशमैं रोकिएको छ।

हुनत चेन्नईदेखि पटनासम्मको उडान दुई घण्टा बीस मिनेटको हुने घोषणा उड्दाको बखतमा नै गरिएको थियो तर एक घण्टा समुद्रमाथिको आकाशमा उड्दै गर्दा विचित्रको अनुभूति सँगाल्दै तात्तातो चिकेन नुडल्स खान थाल्दछु।

> एउटा माटोको ढिस्को (टुक्रा)बाट सुगन्ध आइरहेको थियो भने अर्कोबाट दुर्गन्ध। दुवै जब भेटिए, आपसमा विचार गर्न थाले, हामी दुवै एउटै माटोबाट बनेका हौं तर यति अन्तर किन ? सुगन्धित माटोले भन्यो– यो सङ्गतिको प्रतिफल हो। मैले गुलाबको बोटमा बस्ने अवसर पाएँ र तिमी गोबरमा। वास्तवमा सत्सङ्गको महिमा अपरम्पार छ।

## शैक्षिक संस्था हुन् कि विद्यार्थी उत्पादन गर्ने कारखाना ?

सरोकार




राजेश मिश्र

rajesh560107@gmail.com


**उनीहरूले आफूलाई अब्बल मान्न थाले। म जस्ता विद्यार्थीहरूलाई देखेर पनि नदेखेझैं गर्न थाले। अब अब्बल प्रकृतिका विद्यार्थीहरूको झुन्ड हामीसँग टाढा हुन थाल्यो। उहिले अब्बलमा वर्गीकृत भएका धेरैजसो साथी अहिलेसम्म पनि स्नातक तह उत्तीर्ण गर्न सकेका छैनन्।**

'ना चलनीया हँसेवाला बा, ना सुपुलीया दुषेवाला बा' अर्थात् समान दुई पक्षको कार्यप्रणाली नीतिसङ्गत नलागेको सन्दर्भमा यो भोजपुरी उखान सदियौंदेखि प्रचलनमा छ। यहाँ सरकारी र निजी शैक्षिक संस्थाहरूप्रति यो भोजपुरी उखान उद्धृत छ। किनभने शैक्षिक संस्थाहरू वस्तु उत्पादन गर्ने कारखानाको स्वरूपमा परिणत हुँदै गइरहेको कुरा विभिन्न गतिविधिले स्पष्ट देखिन्छ। एकातर्फ सरकारी विद्यालयहरूमा भौतिक पूर्वाधार, शैक्षिक सामग्री र तालीमप्राप्त शिक्षकलगायत संसाधनका बावजूद प्रतिफल प्रशंसायोग्य भन्ने अवस्था छैन। अर्कोतर्फ निजी विद्यालयहरूको गतिविधि हेर्दा आर्थिकलगायतका सम्पूर्ण व्यवस्थापन आफ्नै काँधमा भएकोले व्यापारिक केन्द्रको रूपमा उदीयमान छन्।

हुनत सरकारी वा निजी जुनसुकै विद्यालय भए तापनि कार्यप्रणाली संविधानतः सञ्चालन हुने नियम छ। सबै प्रकारका विद्यालय शिक्षा ऐन र नियमावलीको दायराभित्र पर्छन्। अहिले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार विद्यालयहरूको जिम्मेवारी पालिकामा निहित छ। प्रत्येक पालिकामा छुट्टै शिक्षा शाखा छ, जो शिक्षा क्षेत्रसँग सम्बन्धित ऐन, नियम कार्यान्वयनका साथै प्रगति उन्मुख कार्य गर्ने र गराउने निकाय हो। कर्मचारीको रूपमा व्यक्ति जो कोही भए तापनि निष्ठापूर्वक जिम्मेवारी निर्वहन गर्ने हो भने शिक्षा क्षेत्रको बेथिति निर्मूल नहुने कुरै छैन। तर त्यसको लागि स्वार्थवाद, नातावाद र कृपावादबाट उन्मुक्त नभई हुँदैन।

केही महीनाअघिको एक घटना यहाँ प्रस्तुत गर्नु उपयुक्त हुन्छ। वीरगंज मनपाको शिक्षा शाखाबाट विभिन्न विद्यालयको अनुगमन भएको सूचना र तस्वीर सामाजिक सञ्जालमा सम्प्रेषण भए। समाचारमाध्यमहरूमा प्रकाशित र प्रसारित भए। विद्यालयहरूमा अनुगमन र छड्के हुन थालेको विषयले खूब चर्चा पायो। फलस्वरूप वीरगंज महानगरको शिक्षा क्षेत्रको दुरवस्था सुधार हुने आशा जनमनमा पलायो। तर वास्तविकता भने 'हात्तीको खाने दाँत र देखाउने दाँत' भन्दा भिन्न रहेनछ। खासमा के हो भने वीरगंज मनपाले एक राष्ट्रिय टेलिविजनसँग वीरगंजको समग्र क्षेत्रलाई समेटेर श्रव्यदृश्य छायाङ्कन गरी प्रसारण गर्ने सम्झौता गरेको रहेछ। सोही क्रममा छायाङ्कन युनिटसहित शिक्षा शाखाका अधिकारीको टोली दुई/तीन दिनसम्म मातहतका विभिन्न विद्यालयमा पुग्यो। छड्केको आवरणमा श्रव्यदृश्य छायाङ्कन गर्ने काम भयो। सकारात्मक पक्षहरू समेटिएका श्रव्यदृश्य टेलिभिजनबाट प्रसारित पनि भइसकेको छ। कहिल्यै नहुने छड्के अचानक हुन थालेपछि शिक्षा क्षेत्रमा हड्कम्प नमच्ने कुरै थिएन। तर 'हात्ती आयो, हात्ती आयो फुस्सा'झैं अनुगमन कार्य स्थगन छ। यो त केवल उदाहरण मात्र हो।

सरुवा, बढुवा, नयाँ नियुक्ति, भवन निर्माण आदि नियमसङ्गत कार्यमा अनियमित फाइदा हुने सम्भावना बढी रहेकाले प्रगति उन्मुख कार्य ओझेलमा छन्। थोरै भएपनि नियामक निकायको सक्रियता सरकारी विद्यालयतर्फ देखिए तापनि निजी शैक्षिक संस्थाको कामकारबाहीप्रति तदारूकता शून्य छ। निजी शैक्षिक संस्था व्यक्तिको हो र उसले जे पनि गर्न सक्छ भन्ने आम मनोविज्ञान पाइन्छ। निजी शैक्षिक संस्थाहरू विद्यार्थीहरूलाई आकर्षित गर्ने काममा माहिर छन्। केही प्रतिशत विद्यार्थीको तस्वीरसहित प्राप्ताङ्क तथा शैक्षिक भ्रमणलगायतका बाह्य क्रियाकलापलाई अघि सारेर नियमविपरीतका क्रियाकलापहरू ढाक्छन्। जस्तै निजी विद्यालयले भर्ना शुल्क र शिक्षण शुल्कलगायतका विविध शुल्कहरू निर्धारण गर्ने कानूनी प्रावधान शिक्षा ऐनले निर्दिष्ट गरेको छ। विद्यालयले उपलब्ध गराउने सुविधालाई मध्यनजर गरी शिक्षक, व्यवस्थापन समिति तथा अभिभावकको उपस्थिति र सहमतिमा नियामक निकायले शुल्क निर्धारण गर्नुपर्ने नियम छ। तर त्यस्तो नभएपछि पारदर्शी हुने कुरै भएन। कोठे बैठक गरी मनपरी तरीकाले शैक्षिक संस्था र नियामक निकायको साँठगाँठमा शुल्क निर्धारण गर्ने परम्परा कहिले हट्छ ? भौतिक पूर्वाधार कस्तो छ ? कक्षा कोठा, शैक्षिक सामग्री, शौचालय र खानेपानीको अवस्था कस्तो छ ? सबै विद्यार्थी उभिन सक्ने कम्पाउन्ड छ कि छैन ? खेलकूदको लागि मैदान छ कि छैन ? शैक्षिक स्तर कस्तो छ ? आदि कहिल्यै र किन अनुगमनको दायरामा पर्दैन ?

यसको अलावा विद्यार्थीहरूमा पास र फेलको त्रास अङ्कुरित गरिंदैछ। तत्कालीन एसएलसी परीक्षाको नतीजामा राष्ट्रिय प्रथम वा जिल्ला प्रथम देखाउने नियम अहिलेको शिक्षा प्रणालीमा छैन। यद्यपि निजी शैक्षिक संस्थाहरूमा शैक्षिक प्रगतिको नाममा भारत, राजस्थानको कोटा जस्तै पद्धति विकसित हुँदै जानु खेदपूर्ण छ। तीक्ष्ण, उत्तम, मध्यम र मन्द प्रकृतिका विद्यार्थीहरूको वर्गीकरण गरी पढाउने होड चलिरहेको छ। मिश्रित प्रणालीको शैक्षिक महत्त्वको थोरै पनि अनुभूति छैन। तीक्ष्ण विद्यार्थीहरूको वर्ग छुट्ट्याएर अन्य विद्यार्थीमा मनोवैज्ञानिक वितृष्णा अङ्कुरित गरिंदैछ। प्रतिभाशाली विद्यार्थीलाई छनोट गरी फरक वर्गमा राखेर पढाउँदा विद्यालयलाई के फाइदा छ ? विद्यालयले युवा मनोविज्ञानमा प्रभाव पार्ने हर्कत किन गरिरहेको छ ? जब शुल्क आदिमा तीक्ष्ण, मन्द, धनी र गरीबको मूल्याङ्कन गरिंदैन भने पढाइमा किन हुँदैछ ? यदि यसो हो भने तीक्ष्ण विद्यार्थीबाहेक भर्ना किन लिनुपऱ्यो ? उदाहरणको लागि मानौं कुनै शैक्षिक संस्थामा चार सय विद्यार्थी अध्ययनरत छन् भने उनीहरूमध्ये करीब १० प्रतिशत अर्थात् ४० जना विद्यार्थी तीक्ष्ण प्रकृतिका होलान्। ९० प्रतिशत अर्थात् ३६० जना विद्यार्थीसँग किन विभेद भइरहेको छ ? अदृश्यरूपमा विभेदमा परेका विद्यार्थीहरूको शुल्कले शैक्षिक संस्थाको आर्थिक प्रगति उकालोलाग्दो छ।

मलाई पढाउनुभएका एकजना सरकारी शिक्षक अहिले भौतिक शरीरमा हुनुहुन्न। यद्यपि उहाँको मुखारबाट निस्किएका शब्दहरू मरणोपरान्त मेरो स्मरणमा रहनेछन्। उहाँका कैयौं उदाहरणमध्ये यो पनि एक हो, "मैले दुईपटक एसएलसी दिएँ। अङ्ग्रेजी विषयमा पास भइनँ। मन दुःखी नभएको होइन। तर परिश्रम र प्रयास गर्न छाडिनँ। तेस्रोपटकको परीक्षामा राम्रो अङ्कसहित उत्तीर्ण भएँ। आइएड र बिएडमा अङ्ग्रेजी मूल विषय लिएर पढें। आज म अङ्ग्रेजी विषयको शिक्षकको रूपमा कार्यरत छु। त्यसैले फेल हुनु भनेको कमजोरी सच्याउनुपर्छ भन्ने कुरा बोध गराउँछ।" यसरी उहाँले विद्यार्थीको हौसला बढाउँदै निदान र उपचारात्मक निर्देशन पनि दिनुहुन्थ्यो।

विद्यार्थी भर्नाका बेला ठूलठूला विज्ञापन बोर्ड विद्यालय तथा शहरदेखि गाउँका मुख्य स्थानहरूमा झुन्ड्याउने चलन बढ्दो छ। ती विज्ञापन बोर्डमा उच्च अङ्क हासिल गरेका विद्यार्थीहरूको तस्वीरसहित नाम उल्लेख रहन्छ। अर्को शब्दमा भन्ने हो भने १० प्रतिशत विद्यार्थीको नाम भजाउने कार्यमा शैक्षिक संस्थाहरू उद्यत छन्। यसरी नै प्रत्येक वर्ष भर्नाको चक्र चलिरहेको छ। वास्तवमा सफलता हात पारेर जाने विद्यार्थीको तुलनामा कुण्ठा लिएर फर्किने विद्यार्थीको सङ्ख्या बढी छ। यदि पूर्वविद्यार्थीहरूको कुण्ठा वर्णन गर्ने हो भने आक्रोशको चाङ लाग्छ। शैक्षिक संस्थाका सञ्चालककै निर्देशन बमोजिमका प्रक्रिया लागू हुनाले बढी जिम्मेवार उनीहरू नै छन्।

### भारतको कोटा जस्तो नहोस्

भारतीय राज्य राजस्थानको एक शहर हो 'कोटा'। कोटालाई कोचिङको कारखाना पनि भनिन्छ। त्यहाँ प्रतिवर्ष हजारौं विद्यार्थी भविष्य उज्ज्वल पार्न जान्छन्। ती विद्यार्थीहरूको करोडौं रुपैयाँले शैक्षिक संस्था, शिक्षक तथा स्थानीयहरूको आर्थिक उन्नति भइरहेको छ। तर झन्डै पाँच प्रतिशत विद्यार्थी मात्र लक्ष्य प्राप्त गर्न सफल हुन्छन्। झन्डै ९५ प्रतिशत विद्यार्थी मनोरोगी भएर घर फर्कन्छन्। कोटाबाट फर्केर आए पनि त्यहाँको भोगाइ वर्षौंसम्म मनमस्तिष्कमा रहन्छ। सामान्य परिस्थितिमा फर्किन वर्षौं लाग्छ।

सिद्धान्ततः वस्तु उत्पादन गर्ने कारखानामा दुईदेखि तीन प्रतिशत ह्रासलाई सामान्य मानिन्छ। यदि १० प्रतिशत वा सोभन्दा माथि ह्रास भएमा कारखाना धराशयी हुन्छ। तर ठीक उल्टो शैक्षिक क्षेत्रमा केवल १० प्रतिशत पनि उत्पादन राम्रो भएमा सोको प्रतिफल शैक्षिक संस्थाहरूका लागि आगामी वर्षमा २५ प्रतिशतले वृद्धि हुन्छ। अर्थात् विज्ञापन बोर्डमा ती १० प्रतिशत विद्यार्थीको नाम, फोटो र अङ्क छापेर नयाँ विद्यार्थी र अभिभावकलाई आकर्षित गरिन्छ। जबकि शैक्षिक संस्थाको आर्थिक प्रगतिमा ती ९० प्रतिशत विद्यार्थीको योगदान बढी छ, जो भर्ना शुल्क, शिक्षण शुल्क, पुस्तकालय शुल्क आदि विभिन्न शुल्क एक समान तिरेर पनि जुन लक्ष्यका साथ भर्ना भएका थिए, त्यो हासिल हुन सकेन।

### थ्री इडियट्स

हिन्दी फिल्म 'थ्री इडियट्स' प्रायः सबैले हेरेकै होलान्। उक्त फिल्मले आजको शैक्षिक संस्थाहरूप्रति व्यङ्ग्य

(बाँकी चौथो पातामा)

# द्रोण पर्व–५२




महाभारतबाट सङ्कलन तथा अनुवाद

**उमाशङ्कर द्विवेदी**

यदि आज कृष्णकुमार प्रद्युम्नजी यहाँ भएको भए म उनलाई तपाईंको रक्षाको भार सुम्पिदिन्थे र उनी अर्जुनकै समान तपाईंको रक्षा गर्न सक्दथे, अब यदि म यहाँबाट गइहाले भने तपाईंको रक्षा कसले गर्नेछ ? र अर्जुनतिरबाट तपाईंले फिक्री गर्नुपर्ने छैन। उनी कुनै पनि किसिमको दायित्व आफूमाथि लिएर कति पनि आतिंदैनन् । तपाईंले जुन सौवीर, सिन्धुदेशीय, उत्तरीय र दक्षिणात्य योद्धाहरूको कुरा गर्नुभयो तथा जुन कर्ण आदिको नाम लिनुभयो, ती जम्मै त रणाङ्गणमा कुपित भएका अर्जुनको सोलहौं अंश बराबर पनि छैनन् । यदि पृथ्वीभरिका देउता, असुर, मानिस, राक्षस, किन्नर र नाग आदि चराचर जीव अर्जुनसित युद्ध गर्न तयार भएपनि तिनीहरू उनको सामु टिक्न सक्दैनन् । यी जम्मै कुराको विचार गरेर तपाईंले अर्जुनको विषयमा कुनै आशङ्का गर्नुहुँदैन। जहाँ महापराक्रमी वीरवर श्रीकृष्ण र अर्जुन छन्, त्यहाँ काममा कुनै पनि किसिमको आपत्ति आउन सक्दैन । तपाईंले आफ्नो भाइको दैवीशक्ति, शस्त्रकुशलता, योग, सहनशीलता, कृतज्ञता र दयामाथि ध्यान दिनुहोस्। म उनको छेउमा गइसकेपछि द्रोणाचार्यले जुन विचित्र अस्त्रहरूको प्रयोग गर्नेछन्, त्यस विषयमा पनि विचार गर्नुहोस् । राजन्, आफ्नो प्रतिज्ञा रक्षाको कारण आचार्यले तपाईंलाई समात्नको लागि अति नै उत्सुक छन् । अतः तपाईंले आफू बच्ने उपाय गर्नुहोस् । म गइसकेपछि तपाईंको रक्षा कसले गर्नेछ ? यदि यस कुराको मलाई पूर्ण विश्वास भएपछि मात्र म अर्जुनको छेउमा जान सक्दछु ।

युधिष्ठिरले भने– सात्यकि, तिमीले भनेको कुरा बेसै हो तर जब म आफ्नो रक्षाको लागि तिमीलाई मसित बस्न तथा अर्जुनको सहायताको लागि तिमीलाई पठाउनेबारेमा विचार गर्दा तिमीलाई अर्जुनको रक्षाको लागि जानु नै बेस ठान्दछु। अतः अब तिमी अर्जुनको छेउमा पुग्ने प्रयत्न गर। मेरो रक्षा त भीमसेनले पनि गर्न सक्दछन् । यसबाहेक भाइहरूसहित धृष्टद्युम्न, अनेकौं महाबली राजा, द्रौपदीका पुत्रहरू, पाँचजना केकय राजकुमार, राक्षस घटोत्कच, विराट, द्रुपद, महारथी शिखण्डी, महाबली धृष्टकेतु, कुन्तिभोज, नकुल, सहदेव तथा पाञ्चाल र सृञ्जयवीरहरू पनि सावधानीका साथ मेरो रक्षा गर्नेछन् । यिनीहरूको कारण आफ्नो सेनासहित




द्रोण र कृतवर्मा मसम्म पुग्न वा मलाई कैद गर्न समर्थ हुने छैनन् । किनाराले जसरी समुद्रलाई रोकिराख्दछ, त्यसै प्रकार धृष्टद्युम्नले आचार्यलाई रोकिदिनेछन् । यिनले कवच, बाण, खड्ग, धनुष र आभूषण धारण गरेर द्रोणको नाश गर्नकै लागि जन्म लिएका छन्। त्यसैले तिमी यिनीमाथि भरोसा गरेर जाऊ, कुनै पनि प्रकारको फिक्री नलेऊ।

सात्यकिले भने– यदि तपाईंको विचारमा तपाईंको रक्षाको प्रबन्ध भइसकेको छ भने म अर्जुनको छेउमा अवश्य जानेछु र तपाईंको आज्ञाको पालना गर्नेछु । म सत्य भन्दैछु– तीनै लोकमा कुनै पनि व्यक्ति यस्तो छैन, जो मेरोलागि अर्जुनभन्दा बढी प्रिय होओस् तथा मेरोलागि जति उनको वचन मान्य छ त्यसभन्दा पनि बढी तपाईंको आज्ञा शिरोधार्य छ। श्रीकृष्ण र अर्जुन यी दुवै तपाईंको हितमा तत्पर रहन्छन् र मलाई तपाईंले उनीहरूकै प्रिय साधनमा तत्पर ठान्नुहोस्। म अहिले नै यस दुर्भेद्य सेनालाई चिरेर पुरुषसिंह पार्थको छेउमा जानेछु। जुन ठाउँमा उनीसित भयभीत भएर जयद्रथ आफ्नो सेनासहित अश्वत्थामा, कृप र कर्णको रक्षा कवचमा उभिएको छ तथा पार्थ उनको वध गर्न गएका छन्, त्यो यहाँबाट तीन योजन टाढा छ, तापनि मलाई पूर्ण विश्वास छ कि जयद्रथको वध हुनुभन्दा पहिले नै म त्यहाँसम्म पुगिहाल्नेछु । तपाईंले आज्ञा दिएपछि कसले युद्ध गर्नेछैन ? राजन्, जुन ठाउँमा मलाई जानु छ, त्यो मलाई राम्ररी थाहा छ। म हलो, शक्ति, गदा, प्रास, ढाल, तरबार, ऋष्टि, तोमर, बाण तथा अन्यान्य अस्त्रशस्त्रबाट यस सैन्य समुद्रलाई सजिलै तर्न सक्दछु। यसपश्चात् महाराज युधिष्ठिरको आज्ञाबाट सात्यकि अर्जुनसित भेट्नको लागि तपाईंको सेनाभित्र छिरिहाले ।

सात्यकि युद्ध गर्नको लागि तपाईंको सेनाभित्र छिरेपछि आफ्नो सेनासहित महाराज युधिष्ठिरले द्रोणाचार्यलाई रोक्नको निम्ति उनको रथमाथि आक्रमण गरे । त्यति बेला रणोन्मत्त धृष्टद्युम्न र वसुदानले पाण्डवको सेनालाई डाँक्दै भने– आऊ, आऊ शत्रुसेनामाथि आक्रमण गर, जसले गर्दा सात्यकि सहजमैं अघि बढ्न सकून् । हेर, कौरवपक्षका अनेकौं महारथीले उनलाई परास्त गर्ने प्रयत्न गरिरहेका छन् । यति भन्दै अनेकौं महारथी बडो वेगले हामीमाथि आइलागे तथा उनीहरूलाई पछि पार्नको लागि हामीले पनि उनीहरूमाथि आक्रमण गर्‍यौं। यसैबेला सात्यकिको रथतिर बडो कोलाहल हुन थाल्यो । त्यस महारथीको बाणको प्रहारबाट तपाईंको पुत्रको सेनाको सयकडौं टुक्रा भइहाल्यो तथा उनीहरू यताउति भाग्न थाले। उनीहरू छिन्नभिन्न भएपछि सात्यकिले सेनाको मुहानमा उभिएका सातजना वीरलाई मारिदिए। यसपछि अरू पनि अनेकौं राजालाई आफ्नो अग्निसदृश्य बाणहरूबाट यमलोकमा पठाइदिए । उनले धेरैजसो हात्तीसवार र हात्तीहरूलाई, घोडसवार र घोडाहरूलाई तथा रथी र घोडासहित रथहरूलाई नष्ट पारिदिए। यस प्रकार फुर्तिलो सात्यकिले बाणहरूको झरी लगाइदिए, त्यति बेला तपाईंको सैनिकमध्ये कसैलाई उनको सामु जाने साहस भइरहेको थिएन । उनको बाणवर्षाबाट घाइते भएर उनीहरू तर्सिंदै युद्धभूमिबाट भाग्न थाले। क्रमशः...

# लभ इन वीरगंज



धारावाहिक नाटक

**समीर पाख्रिन**

प्रीतम : (आफैंसित) मोरीले अझै के के सोध्ने हुन् कुन्नि ? बरु यहाँबाट हिंड्नु बेस होला। जाने होइन त उषाजी ?

बाइक स्टार्ट गर्छ । उषा फेरि बाइकमा बस्छे र बाइक स्मारकतिर हुइँकिन्छ।

०००

समय : साँझपख। स्थान : अङ्कितको कोठा।

अङ्कित पलङ्गमा पल्टेर एकोहोरो सिलिङतिर हेरिरहेको छ। वृद्धा भान्सामा सकिनसकी खाना पकाउँदै छिन्। अङ्कित बाइक माग्न जाँदा साथीहरूको अघि लज्जित हुनुपरेको, बाटोमा बाइक बिग्रेको तर उषालाई ऊमाथि अलिकति पनि साहनुभूति नभएको, बरु उसलाई एक्लै बाटोमा छाडेर अपरिचित युवकको बाइकमा बसेर हेटौंडातिर गएकोमा उषाप्रति असन्तुष्ट छ। उषालाई बाइकमा राखेर हेटौंडा लग्न नसकेकोमा ज्यादै आत्मग्लानि पनि भएको छ, उसलाई। उसले उषाको चरित्रमाथि शङ्का गर्दै अब उप्रान्त उषासित टाढिने मनमनै सङ्कल्प गर्छ।

वृद्धा : अङ्कित, खाना खान आइज्।

अङ्कित : हजुरआमा, मलाई आज खान मन छैन।

वृद्धा : किन के भो ? तँलाई सन्चो भएन कि क्या हो ?

अङ्कित : सन्चै छु, हजुरआमा । बाटोमा नास्ता गरेकोले पेट डम्म छ।

वृद्धा : जे भएपनि अलिकता तातो खाएर सुत् आइज् आइज्।

अङ्कित : (नाडी घडी हेर्दै स्वयम्सित) हो, हजुरआमाले मेरैलागि सकिनसकी खाना पकाउनुभएको छ । मैले खाना नखाइदिंदा हजुरआमालाई पीर पर्न सक्छ। त्यो स्वार्थीको रिसले म हजुरआमाको मन किन दुखाउनु ? हजुरआमा, हजुर खाएर आराम गर्नोस्। म पछि खाउँला।

०००

समय : साँझको ७ बजेको छ । स्थान : हवल्दारको डेरा।

हवल्दार गोडा टेकेर मसला पिस्दैछ। सुशीला मासु पखाल्दैछ।

सुशीला : जीरा, धनिया लेदो पार्नुपर्छ है उषाको बुबा।

इमान सिंह : ल ल पार्दैछु। अबदेखि बजारबाट पाकेटको मसला ल्याउने गर्नु। यसरी गोडा टेकी–टेकी मसला चाहिं पिस्न सकिंदैन।

सुशीला : हेर न, आज एक दिन सानो काम लगाएको, गनगनिएको गनगनिएकै छन्। पाकेटको मसला शुद्ध हुँदैन के ...। सिलौटामा पिसेको मसलामा आइरन पाइन्छ।

इमान सिंह : उफ् ... ! यो पेट बढेर होला, कुनै काम राम्रोसित गर्न सक्या होइन।

सुशीला : हो लोग्नेमान्छेको पेट त बढेकोभन्दा नबढेकै राम्रो रहेछ। कपडा लगाउँदा पनि नसुहाउने। ल अझै भएन मसला ? खोइ त हेरौं (छाम्दै), भएछ भएछ खै छोड्नुहोस्।

इमान सिंह : त्यति मसला पिसेको पसिनै पसिना भएछु । होइन यो पेट त घटाउनैपर्छ । बरु भोलिदेखि म पनि सुशीलासित मर्निङ वाकमा जानुपर्‍यो। मर्निङ वाकमा गएदेखि हाम्रो सईसापको पेटसँगै सुगर पनि घटेको छ भन्नुहुँदैथ्यो।

सुशीला : मास्टर्नी दिदीको पनि त सुगर र प्रेसर दुवै कन्ट्रोलमा छ भन्दै थिइन् । हो हो, उषाको बुबा पनि भोलिदेखि बिहान चाँडै उठेर यसो वाकमा जाऔं । छोरीको बिहे नै नगरी बूढो देखिन थाल्नु'भो।

इमान सिंह : अँ बिहान उठाउने काम तेरो। नत्र मेरो सुताइ त तँलाई थाहा नै छ।

०००

समय : रातको ९ बजेको छ। स्थान : अङ्कितको घर।

अङ्कित : (मोबाइलमा) के ? स्मारक किन नआएको अरे ? अर्काको बाइक बाटोमा अलपत्र छोडेर कसरी आउनु ? के फर्कंदा एक्लै परे अरे ? किन ? फर्कंदा वीरगंजसम्म ल्याइदिने बाइकवाला भेटेनौ ? म के गर्नु त ? एक्लै जान सक्ने, फर्कन पनि त सक्नुपर्‍यो नि। भो, भो, धेरै कुरा न गर फोन राख। अहँ, भोलि मेरो फुर्सद छैन । के ? मलाई चिने अरे ? मलाई चाहिं होइन तिमीलाई चाहिं मैले राम्ररी चिनें। ल ल धेरै कुरा गर्ने हैन राख । अबदेखि यो नम्बरमा कल गर्ने होइन।

अङ्कितले फोन काट्छ।

सेल्फिस् ! त्यसलाई पुर्‍याउने एकजना, लिन जाने अर्को चाहिने । के सोचेकी छे यो उषाले आफूलाई ?

वृद्धा : (नाति केटोको कोठाभित्र चियाउँदै) बाबु, तँ कोसित रातिउँधो यसरी फोनमा बाझेको ?

अङ्कित : साथीसँग हो के हजुरआमा, यतिबेला बजार आइज् भनेर बोलाउँछ। यतिन्जेल सुत्नु'भा छैन ? जानोस्, सुत्नुहोस्।

क्रमशः

## शैक्षिक संस्था ................

गरेको छ । फिल्मको पात्र 'चतुर' प्रकृतिका विद्यार्थी उत्पादन गर्ने शैक्षिक कारखानाहरूको आर्थिक प्रगति दिन प्रतिदिन बढ्दै गइरहेको छ । रेन्चो प्रकृतिका विद्यार्थीलाई शैक्षिक कारखानाहरूले महत्त्वहीन ठान्छन् । रेन्चोले साथीहरूलाई योग्यता र सफलताबीचको अन्तर बताउँछ। रेन्चोको विचारसँग कलेजका प्रिन्सिपल सहमत छैनन्। प्रतिस्पर्धाको नाममा प्रिन्सिपलले कारखानामा वस्तु उत्पादन गरेझैं विद्यार्थीहरूलाई प्रतिवर्ष उत्पादन गरिरहेका छन्। 'अब्बल विद्यार्थी रेन्चो हो, चतुर होइन' भन्ने फिल्मको मूल सन्देश हो।

यही सेरोफेरोमा शिक्षाविद्, मनोचिकित्सक तथा विद्यार्थीहरूलगायत विभिन्न व्यक्तिहरूसँग भएको संवादमध्ये केही व्यक्तिहरूका अनुभव तथा विचार प्रस्तुत छ।

**डा सुरेन्द्रनाथ तिवारी (सेवानिवृत्त शिक्षक)**

शैक्षिक संस्था विद्याको मन्दिर हो। यहाँ धनी, गरीब, धर्म, लिङ्ग, जात, वर्ण आदि कुनै पनि प्रकारको भेदभाव वाञ्छनीय छैन। शिक्षालयमा पढ्ने विद्यार्थीहरूमध्ये प्राकृतिकरूपले कोही तीक्ष्ण वा कोही मन्द स्वभावका हुन सक्छन् । यद्यपि शैक्षिक संस्थाका लागि उनीहरू सबै एक समान हुन् । पाठ्यक्रम, शिक्षक, कक्षा कोठा र पोशाक सबैका लागि समान हुन्छ। त्यसैले शिक्षा सबैका लागि समान हो भने बुझाउँछ। तसर्थ तीक्ष्ण, मध्यम र मन्द प्रकृतिका विद्यार्थी छुट्टयाएर पढाउनु भनेको तीक्ष्ण बुद्धिका विद्यार्थीमा अहम् बढ्ने र अन्य विद्यार्थीहरूमा हीनभावना विकसित हुने सम्भावना प्रबल हुन्छ । जसरी काँचो माटोलाई आकार प्रदान गर्नको लागि कुम्हालेले पसिना बगाउँछन्, त्यसरी नै शिक्षकहरूले विद्यार्थीमा शैक्षिक गुण स्थापित गर्नको लागि कटिबद्ध नभई हुँदैन। सिद्धान्ततः मिश्रित प्रणाली अर्थात् तीक्ष्ण, मध्यम र मन्द सबै प्रकृतिका विद्यार्थीलाई सँगै पढाउनुपर्छ।



बलियो घरलाई थोरै परिश्रम गरेर थप बल प्रदान गर्न सकिन्छ । अपितु कमजोर आधारशिला भएको घरलाई संरक्षण र संवर्धन गर्नु नितान्त चुनौतीपूर्ण कुरा हो । त्यसैले शैक्षिक संस्था र शिक्षकहरूले चुनौतीलाई सहर्ष स्वीकार गर्नुपर्छ। मूल्याङ्कनको उद्देश्य विद्यार्थीलाई सही वा गलत प्रतिक्रिया बताउने मात्र होइन, निदान र उपचारात्मक निर्देशन दिनु पनि हो। नकारात्मक मनोविज्ञान हाबी भएमा विद्यार्थीको व्यक्तित्वको विघटन हुन्छ। त्यसैले प्रगतिको नाममा विद्यार्थीमा नकारात्मक वा हीनभावना उत्पन्न हुने प्रकृतिका क्रियाकलाप कुनै पनि दृष्टिकोणले मान्य छैन। एक कुशल निर्देशक र असल मार्गदर्शकको रूपमा शिक्षकको भूमिका हुनुपर्छ।

**डा भरतकुमार गोइत (मनोचिकित्सक)**

बाल मस्तिष्कमा परिवार, समाज, वातावरण आदिले प्रभाव पार्दछ । हुर्किरहेको बाल मस्तिष्क संसारसँग अनभिज्ञ हुन्छ। बाल मस्तिष्कमा प्रश्न गर्ने र जिज्ञासा मेटाउने मनोविज्ञान बढी पाइन्छ। एउटा प्रश्नको उत्तर नपाउँदै अर्को प्रश्न गर्छन्। उत्तर फर्काउन अप्ठ्यारो लाग्ने प्रकृतिको प्रश्न पनि गर्न सक्छन्। अभिभावकले लालाबालाको जिज्ञासाको समाधान सत्य र सरल तरीकाले दिनुपर्छ। ढाँट्ने वा रिसाउने बानीले बाल मस्तिष्कमा नकारात्मक प्रभाव पार्छ भन्ने कुराको बोध हुनु जरुरी छ । झन्डै सात/आठ वर्षको उमेरपछि प्रश्न गर्ने बानी बिस्तारै घट्दै जान्छ। किन घट्छ भने उमेर र



कक्षा बढ्दै जाँदा उसको मनोविज्ञान शैक्षिक प्रमाणपत्रतर्फ केन्द्रित हुन्छ । प्रमाणपत्र प्राप्त गर्नको लागि पढ्नुपर्छ। उच्च अङ्क हासिल गर्नको लागि झन् कडा परिश्रम गर्नुपर्ने शैक्षिक संस्थालगायत विभिन्न स्रोतबाट थाहा पाउँछन्। अन्ततः ऊ किताबी प्रश्नहरूको उत्तर जान्ने र खोज्ने कार्यमा उद्यत हुन्छ।

तिमी पढाइमा अरूभन्दा कमजोर छौ । तिमीभन्दा त फलानो राम्रो छ। अर्थात् यस्ता कुराहरूले विद्यार्थीमा हीनभावना अङ्कुरित हुन्छ । कुण्ठाको कारण उसमा भएको फरक प्रतिभा पनि हराएर जान्छ । संसारमा एक व्यक्ति जस्तै ठ्याक्कै अर्को व्यक्ति हुँदैन। हरेक व्यक्ति अर्को व्यक्तिसँग भिन्न हुन्छ । अन्य क्षेत्र जस्तै शैक्षिक क्षेत्रमा मनोविज्ञानको ज्ञानविना विद्यार्थीमा प्रभावकारी गुण प्रतिस्थापन गर्न सकिन्न। किनभने एउटै कक्षामा फरक–फरक मानसिकताका विद्यार्थीहरूलाई पढाउनुपर्छ। त्यसैले शिक्षकमा मनोविज्ञानको ज्ञान हुनुपर्छ । यसको अलावा शैक्षिक संस्थाहरूमा मनोचिकित्सक परामर्श केन्द्र राख्नु फाइदाजनक सिद्ध हुन सक्छ।

**अशोक मिश्र (विद्यार्थी, पिएचडी)**

झन्डै १० वर्षअघिको कुरा हो । आजीवन बिर्सन सक्दिनँ। नर्सरीदेखि कक्षा १० सम्म वीरगंजको निजी अङ्ग्रेजी विद्यालयमा पढें । त्यसपछि कक्षा ११ र १२ मा व्यवस्थापन विषय पढ्नको लागि वीरगंजकै एक निजी शैक्षिक संस्थामा भर्ना भएँ । शैक्षिक संस्था परिवर्तन भयो। विद्यालय, शिक्षक, भवन, कक्षा कोठा, साथी आदि सबै मेरा लागि नयाँ थिए। भर्ना भएको केही दिनपछि कक्षा सञ्चालन हुनेबारे सूचना प्रकाशित भयो। पहिलो दिन नयाँ पोशाकमा सजिएर, नयाँ पुस्तक झोलामा बोकेर विद्यालय जाने खुल्दुली मनमा थियो। सम्भवतः नयाँ भर्ना भएका सबै विद्यार्थीमा म जस्तै कौतुहलता थियो होला। यसैगरी, नयाँ साथीहरूसँग तीन/चार महीना पढ्दै बित्यो। केही समयपछि आन्तरिक मूल्याङ्कन परीक्षा भयो । त्यसपछि साथीहरू छुट्टियौं । किनभने म सामान्य विद्यार्थी थिएँ। तीक्ष्ण प्रकृतिका साथीहरू विशेष सेक्सनमा गए। उनीहरूले आफूलाई अब्बल मान्न थाले। म जस्ता विद्यार्थीहरूलाई देखेर पनि नदेखेझैं गर्न थाले । अब अब्बल प्रकृतिका विद्यार्थीहरूको झुन्ड हामीसँग टाढा हुन थाल्यो। उहिले अब्बलमा वर्गीकृत भएका धेरैजसो साथी अहिलेसम्म पनि स्नातक तह उत्तीर्ण गरिसकेका छैनन्।



म पिएचडी गर्न कसरी पुगें ? भन्ने कुरा पनि रोचक छ। कक्षा १२ पछि त्यो शैक्षिक संस्थाको वातावरणबाट उन्मुक्ति पाएको जस्तो महसूस भइरहेको थियो । स्नातक पढ्न जुन विश्वविद्यालयमा गएँ, सौभाग्यवश एकजना गुरु (प्राध्यापक)जीसँग भेट भयो। उहाँको प्रेरणा नै मेरो जीवन परिवर्तनको खुड्किलो साबित भयो । मेरो मनभित्र जरा गाडेको कुण्ठा विलय भयो। नयाँ उमङ्ग र ऊर्जाका साथ स्नातक तथा स्नातकोत्तरको अध्ययन पूरा गरें । र अहिले पिएचडी गरिरहेको छु । मेरो बुझाइमा वीरगंज मात्र होइन, नेपालको शिक्षा प्रणालीमा मनोमानी नियम बढी छ । शिक्षालयहरू शैक्षिक प्रगतिका नाममा कारखाना साबित भइरहेको प्रस्ट छ।

**रोशन साह (विद्यार्थी, स्नातकोत्तर, फार्मेसी)**

एसएलसीपछि वीरगंजको एक निजी शिक्षण संस्थामा विज्ञान विषय लिएर कक्षा ११ र १२ पढें। झन्डै दुई सयजना विद्यार्थी थिए । प्राप्ताङ्क अनुसार बढी अङ्क हासिल गर्नेहरूलाई छुट्याउँदै विभिन्न सेक्सनमा विद्यार्थीहरूलाई विभाजित गरियो। एउटा यस्तो सेक्सन नै थियो, जसमा उच्च अङ्क हासिल गरेका विद्यार्थीहरू मात्र थिए । नियमित कक्षाबाहेक कोचिङ पनि हुन्थ्यो। कोचिङ कक्षामा विभेदको पराकाष्ठा नै थियो। शैक्षिक संस्थाले अब्बलको श्रेणीमा दर्ज गरेका ३० जना विद्यार्थीको समूहलाई 'सुपर–थर्टी' नामकरण गरेको थियो। आज मलाई लाग्छ, शैक्षिक संस्थाहरूले उत्तम, मध्यम तथा मन्द विद्यार्थीहरूको वर्गीकरण गरेर विद्यार्थीमा मनोवैज्ञानिक कुप्रभाव पारिरहेका छन्।



सुपर थर्टीमा छनोट हुने विद्यार्थीको अनुहारमा अहम भाव प्रस्ट झल्किन्थ्यो। यहाँसम्म कि सुपर थर्टीबाहेकका विद्यार्थीहरूप्रति शिक्षकहरूको मनोविज्ञान पनि फरक महसूस हुन्थ्यो। यसरी एउटै शिक्षालयको समान कक्षामा अध्ययनरत विद्यार्थीहरूप्रति अदृश्यरूपमा भेदभावजन्य मनोदृष्टि महसूस हुन्थ्यो। सो बेला मेरो उमेर, अनुभव र परिपक्वता आज जस्तो थिएन । अहिले सो बेलाको परिस्थिति उपर विचार गर्दा अत्यन्तै आश्चर्य लाग्छ।

**प्रियङ्का कुमारी (विद्यार्थी, स्नातक चौथो वर्ष, शिक्षा सङ्काय)**

दोस्रो वर्षमा शैक्षिक मनोविज्ञान पढेको छु । शैक्षिक मनोविज्ञानको ज्ञानविना गुणयुक्त शिक्षक बन्न सकिन्न। शिक्षा कसले दिनुपर्छ अर्थात् शिक्षक कस्तो हुनुपर्छ ? शिक्षकले आफ्ना विद्यार्थीहरूको मनोविज्ञान सूक्ष्मरूपले बुझ्नुपर्छ। शिक्षकको व्यवहार निष्पक्ष हुनुपर्छ। शिक्षक योग्य हुनुका साथै सहनशील, धैर्यवान् र ऊर्जाशील हुनुपर्छ। प्रत्येक बालबालिकाको विकासका निश्चित चरणहरू जस्तै शिशु अवस्था (०–२ वर्ष), बाल्यावस्था (३–१२ वर्ष), किशोरावस्था (१३–१८ वर्ष), युवावस्था (१९–३० वर्ष) पार गर्दछन् । यी चरणहरूको शारीरिक र मानसिक विकासका दृष्टिकोणले विशिष्ट विशेषताहरू छन् । यदि शिक्षक यी विभिन्न चरणका विशेषताहरूसँग परिचित छन् भने, उसले आफ्ना विद्यार्थीहरूलाई राम्ररी बुझ्न सक्छ । विद्यार्थीहरूलाई त्यसरी नै मार्गदर्शन र लक्ष्य प्राप्त गर्न मदत गर्न सक्छ।



शिक्षा मनोविज्ञानको ज्ञानले शिक्षकलाई सिकाउने प्रक्रियासँग परिचित गराउँछ। कतिपय शिक्षक अध्यापनमा बढी सफल हुने र कतिपय शिक्षक विषयको राम्रो ज्ञान भएर पनि असफल हुने गरेको हामी देख्छौं। प्रभावकारीरूपमा सिकाउनको लागि सिकाइका विभिन्न सिद्धान्त, सिकाइका समस्याहरू, असर गर्ने कारणहरू र तिनलाई हटाउने उपायहरूका बारेमा शिक्षक जानकार हुनु आवश्यक हुन्छ। शैक्षिक मनोविज्ञानले व्यक्तिगत भिन्नताहरूको ज्ञान प्रदान गर्दछ। संसारमा एकै समानका दुई व्यक्ति छैनन्। प्रत्येक विद्यार्थीसँग विशेष प्रतिभा हुन्छ । जरूरत छ, यस्तो शिक्षक वा शिक्षालयको जसले प्रत्येक विद्यार्थीमा रहेको विशेष प्रतिभालाई प्रस्फुटन गर्न सकोस् । तसर्थ, शिक्षकलाई यो कुरा थाहा छ भने सबै विद्यार्थीको आवश्यकता पूरा गर्ने गरी मिश्रित प्रणालीमा अध्यापन गराउनु सबैभन्दा उपयुक्त हुन्छ।

### मुक्तक

**- वैद्यनाथ श्रमजीवी**

गर्छिन् सधैं प्रश्न किन
एकभन्दा राम्रो तीन
तेस्रो पुस्ता सबैसँग
खोइ हाम्रो खुशीको दिन।

गरीबको जिन्दगी कहरमा छ
गरीबी सबै गाउँशहरमा छ
कसरी पूरा हुने समृद्धिको सपना
ढुकुटी दलालहरूको रहरमा छ।

## अन्तर्राष्ट्रिय समाचार

# रूस र चीनबीचको सम्बन्ध इतिहासकै उच्च तहमा पुगेको छ -पुटिन

मस्को, ३ मङ्सिर/सिन्ह्वा

रूस र चीनबीचको सम्बन्ध इतिहासकै उच्च स्तरमा पुगेको रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले बिहीवार बताएका छन्।

दुई देशले सहयोगलाई अझ प्रगाढ बनाउने बताउँदै पुटिनले रूसी विदेश मन्त्रालयको बोर्डको विस्तारित बैठकमा भने–"हामी जनवादी गणतन्त्र चीनमा हाम्रा असल छिमेकी र मित्रहरूसँगको सम्बन्धलाई सुदृढ गर्ने प्रयत्न जारी राख्नेछौं ।" उनले २१औं शताब्दीमा द्विपक्षीय सम्बन्धले प्रभावकारी अन्तर्राज्यीय सहयोगको नमूनाका रूपमा काम गरेको बताए।

राष्ट्रपति पुटिनले केही पश्चिमी देशहरूले खुलारूपमा मस्को र बेइजिङबीच फाटो ल्याउने प्रयास गरिरहेकोसमेत टिप्पणी गरेका छन्। हाम्रा चिनियाँ मित्रहरूसँग मिलेर हामी हाम्रो राजनीतिक, आर्थिक र अन्य सहयोग विस्तार गर्दै र अन्तर्राष्ट्रिय क्षेत्रमा कदमहरू समन्वय गरेर त्यस्ता प्रयासहरूको जवाफ दिनेछौं, उनले भने।

# हुथी शिविरमा हवाई आक्रमण

साना, ३ मङ्सि/सिन्हवा

साउदी नेतृत्वको गठबन्धनले बिहीवार बिहान यमनको राजधानी सानामा हुथी मिलिशियाद्वारा नियन्त्रित सैन्य शिविरमा हवाई आक्रमण गरेको हुथीद्वारा सञ्चालित अल–मासिराह टिभीले जनाएको छ।

हवाई आक्रमणबाट उत्तरी र दक्षिणी सानास्थित धाबान र अल–नहदयन शिविरमा आक्रमण गरेको टेलिभिजनले बताएको छ। साउदी स्वामित्वमा रहेको अल–अरेबिया टिभीले गठबन्धनले साउदी अरेबियाको आभा अन्तर्राष्ट्रिय विमानस्थलमा लक्षित बमले भरिएको ड्रोन रोकेको केही घण्टापछि हवाई आक्रमण भएको हो।

इरान समर्थित हुथी मिलिशियाले हालै सीमापार क्षेप्यास्त्र र ड्रोन आक्रमणलाई तीव्र पारेको छ। फेब्रुअरीमा यमन विद्रोही समूहले मध्य यमनको अत्यधिक तेल रहेको प्रान्त मारिब कब्जा गर्न साउदी समर्थित सरकारी सेनाविरुद्ध ठूलो आक्रमण शुरू गरेको थियो। रासस

# इयु प्रतिबन्धको निन्दा

काराकस, ३ मङ्सिर/सिन्हवा

भेनेजुएलाका विदेश मामिलामन्त्री फेलिक्स प्लासेन्सियाले युरोपेली सङ्घ (इयु) परिषद्ले दक्षिण अमेरिकी देशका अधिकारीहरूविरुद्ध थप एक वर्ष प्रतिबन्ध नवीकरण गर्ने निर्णयको निन्दा गरेका छन्।

"हामी हाम्रा जनताविरुद्ध नयाँ आक्रमणको कडा निन्दा गर्दछौं र यो अपमानजनक नवीकरणलाई शत्रुता मान्दछौं"–प्लासेन्सियाले ट्विटरमा लेखेका छन्।

उनका अनुसार यो कदम नोभेम्बर २१ मा हुने क्षेत्रीय र स्थानीय चुनावको नेतृत्वमा सत्तारूढ समाजवादी पार्टीलाई कमजोर पार्ने उद्देश्यले चालिएको हो। काउन्सिलको उद्देश्य 'आउँदो आइतवार लोकतान्त्रिक उत्सव टारपेडो' जस्तो देखिन्छ। प्रतिबन्धले वर्तमान उपराष्ट्रपति डेल्सी रोड्रिग्वेज, सैन्य नेता र प्रतिनिधिसहित ५५ जना भेनेजुएला अधिकारीलाई लक्षित गरेको छ। रासस


**रानीघाट–पोखरिया बस समिति**

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो: ३:४० बजे

**आयुर्वेदको चमत्कार**

इच्छा अनुसार छोरा-छोरी प्राप्त हुने !
लिखित प्रतिबद्धता !!
**सहयोगी:**
**बैद्य सूर्यमान श्रेष्ठ**
मो. ९८६९३७७४७७, ९८०५९२७०३३


**आजको राशिफल**

| | |
|---|---|
| मेष – अतिथिआगमन | वृष – सुयश |
| मिथुन – खर्चवृद्धि | कर्कट – धनलाभ |
| सिंह – सफलता | कन्या – राज्यलाभ |
| तुला – रोगभय | वृश्चिक – व्यापारवृद्धि |
| धनु – शत्रुपराजय | मकर – सुसमाचार |
| कुम्भ – भयचिन्ता | मीन – मित्रमिलन |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

# अधिकांश क्षेत्रमा औसतभन्दा कम तापक्रम

काठमाडौं, ३ मङ्सिर/रासस

मुलुकका अधिकांश क्षेत्रमा पछिल्लो केही हप्तादेखि अधिकतम तापक्रम औसतभन्दा कम देखिएको छ।

जल तथा मौसम विज्ञान विभागको अभिलेखानुसार जाडो शुरू हुँदै गर्दा तापक्रम घट्नु स्वाभाविक भए पनि पछिल्लो केही हप्ता ३० वर्षको औसत तापक्रमभन्दा कम हुँदा सर्वसाधारणले बढी चीसो महसूस गरेका छन्। एक्कासि चिसो बढ्दा बालबालिका तथा वृद्धवृद्धाको स्वास्थ्यमा असर पुग्न सक्ने हुँदा सावधान रहन भनिएको छ।

अक्टोबर तेस्रो हप्तापछि गण्डकी र लुम्बिनी प्रदेशका केही जिल्लाबाहेक अन्य प्रदेशमा अधिकतम तापक्रम सरदरभन्दा कम देखिएको विभागका वरिष्ठ मौसमविद् डा इन्दिरा कँडेलले बताइन्। नोभेम्बर लागेपछि काठमाडौंमा न्यूनतम तापक्रम पनि घटेको उनले बताइन्।

विराटनगर, धनकुटा, धरान, ओखलढुङ्गा, जिरीमा पनि न्यूनतम तापक्रम घटेको छ। अधिकतम तापक्रम दिनमा र न्यूनतम तापक्रम रातमा मापन हुन्छ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रमुख अनिल पोखरेलले अब पुनः जाडो तथा

(बाँकी अन्तिम पातामा)


स्वच्छ परिवार
सुखको आधार

वीरगंज महानगरपालिका


# भाखा नाघेको कर्जा बुझाउनेबारे कृषि विकास बैंक लि.को २१ दिने सूचना

यस बैंकको शाखा कार्यालय पोखरियाबाट तपसिलका बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरूले निम्न उद्देश्यका लागि विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाइ भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा यस कार्यालयले बारम्बार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनुपर्ने कर्जाको साँवा, ब्याज तथा बैंकले पाउनुपर्ने अन्य रकमसमेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ। उल्लिखित मितिभित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन २०७३, कृषि विकास बैंक लि.को कर्जा असुली नियमावली तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिंदा लेखिदिएको धितो लीलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरिने बेहोरासमेत जानकारी गराउँदछौं। साथै तपसिल बमोजिमका व्यक्तिहरूलाई बैंकबाट कर्जा लिन मन्जुरीनामा दिनेहरूलाई समेत यसै सूचनाद्वारा जानकारी गराइएको छ।

**सम्बन्धित कार्यालयको नाम कृ. वि. बैंक लि., उपशाखा कार्यालय, पोखरिया, पर्सा**

| क्र.सं. | ऋणी (व्यक्ति)को नाम, थर | ऋणीको पिता/पतिको नाम | ग्राहकको बाजे/ससुराको नाम | ठेगाना | उद्देश्य | मिसिल नं | साँवा | २०७८ मङ्सिर १ गतेसम्मको ब्याज | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | रेशमा पशुपालन प्रो. तबरेज अलि शाह | आसमहमद देवान | नवन देवान | जयमङ्गलापुर-८ | पशुपालन | ५५६३ | ६५०००० | २१८,८४९ | ८६८,८४९ |
| २ | प्रमोदप्रसाद कुर्मी | सुरजप्रसाद कुर्मी | धुपनारायण राउत कुर्मी | धोबिनी-५ | सरल कृषि कर्जा | ५३०६ | ८००००० | २१०,८१४ | १,०१०,८१४ |
| ३ | नवलकिशोर यादव | रामचन्द्र राउत अहिर | अपनेत राउत अहिर | बैरियाबिर्ता | सरल कृषि कर्जा | ५२९२ | ४७४,३६१ | २०२,८८१ | ६७७,२४२ |
| ४ | नेहा माछापालन प्रो. सुरेन्द्र मेहता | राजेन्द्र महतो कोइरी | मन्सी महतो कोइरी | धोरे-८ | बेचबिखन | ५२६७ | ९००००० | १९३,४१३ | १,०९३,४१३ |
| ५ | सुरजकली देवी | छकौडी साह | पारस साह | शिवबार्वा-५ | घरायसी | ३६२१ | ६५०००० | ७५,०१२ | ७२५०१२ |
| ६ | हनुमान मिठाइ उद्योग | अमर साह | जगदेव साह | सम्झौता-६ | व्यापार | ५५६९ | ८००,००० | ६९,११२ | ८६९,११२ |
| ७ | शिवशक्ति ट्रेडर्स प्रो. महेशप्रसाद साह | किशोरीप्रसाद कानू | भिखारी राउत कुर्मी | भिस्वा-६ | बेचबिखन | ५३४१ | ७००००० | १३५,५३३ | ८३५,५३३ |
| ८ | शिवबालक राउत कुर्मी | धुरुप राउत कुर्मी | भिखारी राउत कुर्मी | पोखरिया-२ | घरायसी | ५६०० | ५००००० | ६०,८१४ | ५६०८१४ |
| ९ | सभ्यता पोल्ट्री फर्म प्रो. हैदर मियाँ | अनवर मियाँ | नकछेड मियाँ | धोबिनी-५ | पशुपक्षीपालन | ५७५६ | १,८००,००० | ५४,११३ | १,८५४,११३ |
| १० | रामायण राम | चरित्रा महरा | फिगन महरा | बहुअर्वाभाठा-३ | घरायसी | ५३४९ | २७४,६७६ | ७०,२२० | ३४४,८९६ |
| ११ | शुभलक्ष्मी किरानापसल प्रो. सुवासप्रसाद कानू | जगरनाथ साह कानू | शिवधर साह कानू | बिरन्चीबर्वा-९ | व्यापार | ५६७१ | १,००६,२०५ | २०१,१९६ | १,२०७,४०१ |
| १२ | रोशन खाद्यान्न भण्डार प्रो. भिखम पटेल | रामलाल राउत कुर्मी | देवान बैठा | धोरे-२ | व्यापार | ५३९२ | ६९९५२० | १३४,९६२ | ८३४,४८२ |
| १३ | शङ्कर महतो चौहान | लक्ष्मण महतो | बाहोर महतो | पोखरिया-३ | घरायसी | ५६२३ | ६००,००० | ४३,५५८ | ६४३,५५८ |
| १४ | सन्दीप एन्ड आकाश स्टोर प्रो. विजयप्रसाद तेली | भैरी साह तेली | | विन्दवासिनी-५ | व्यापार | ५७४२ | ७००००० | ३८,१०८ | ७३८,१०८ |
| १५ | ज्योति पोल्ट्री फर्म प्रो. सरोज प्रसाद | राजकुमारप्रसाद कुर्मी | शङ्कर राउत कुर्मी | भिखमपुर-७ | पशुपक्षीपालन | ५४१५ | ५००,००० | ३६,३१२ | ५३६,३१२ |
| १६ | रमेशप्रसाद चौरसिया | चेतमन राउत बरै | देवनारायण राउत बरै | मुडली-४ | घरायसी | ३१६१ | ७००,२५० | २२२,१५८ | ९२२,४०८ |
| १७ | रामाशिष साह कानू | भागवत साह | बिसुन साह | झौवागुठी-१ | बेचबिखन | १८४४५ | २००,००० | ५४,४३८ | २५४,४३८ |
| १८ | धनधर राउत अहिर | कन्हैया राउत अहिर | देवनन्द राउत अहिर | मिर्जापुर-२ | ट्याक्टर | ३७८६ | २२३,८९४ | ७४,८६१ | २९८,७५५ |
| १९ | मंगनी राउत कुर्मी | गया राउत कुर्मी | पदारथ राउत | मुडली-७ | घरायसी | ५२८६ | १४८६०० | ८४,५०० | २३३,१०० |
| २० | देवरत्न राउत कुर्मी | ज्ञानी राउत कुर्मी | सोहन राउत कुर्मी | बहुअर्वाभाठा-५ | माछापालन | २१४२ | २८५,३१२ | ९३,८८७ | ३७९,१९९ |
| २१ | गणेश किरानापसल प्रो. गणेश कानू | शङ्कर साह कानू | देवनारायण साह कानू | जयमङ्गलापुर-७ | व्यापार | ३९२३ | ८००,००० | २७३,४८२ | १,०७३,४८२ |
| २२ | मुकेशकुमार पाण्डेय | दिवाकर पाण्डे | रामानन्द पाण्डे | झौवागुठी-९ | बेचबिखन | ५२१० | १९९,९७७ | ५३,०२४ | २५३,००१ |
| २३ | न्यू जेनेरल पप्पु किरानापसल प्रो. बिन्दादेवी कनुइन | शशिभूषण प्रसाद | शिवनाथ साह कानू | बिरन्चीबर्वा-९ | व्यापार | ५३९५ | ६४९,२८९ | ३००,४१८ | ९४९,७०७ |
| २४ | सावित्रीदेवी चौहान | दिनेशप्रसाद चौहान | रामदेनी महतो चौहान | भिखमपुर-२ | सेवा व्यवसाय | ५१९६ | १४५,२६३ | ७२,९७५ | २१८२३८।४६ |
| २५ | पारसप्रसाद कुर्मी | मिताराम कुर्मी | रामफल राउत कुर्मी | हरिहरपुर पश्चिम-३ | घरायसी | ४६७४ | ३००००० | १४०,२९९ | ४४०,२९९ |
| २६ | तारादेवी तेलिन | योगेन्द्रप्रसाद तेली | विष्णु साह | मुडली-४ | बेचबिखन | ३९७० | १९२,६२८ | ३०,४६३ | २२३,०९१ |
| २७ | नवराज शू सेन्टर प्रो. सुनील साह | बाबुलाल साह कानू | सीताराम साह कानू | पोखरिया-४ | व्यापार | ५५९६ | ८००,००० | ४८,००० | ८४८,००० |
| २८ | पूजा एन्ड गौतम किरानापसल प्रो. सुदर्शन साह कानू | हरिनारायण साह | सीता साह कानु | भिस्वा-५ | व्यापार | ५३२० | ३००,००० | ३६,९२५ | ३३६,९२५ |
| २९ | विनोद साह कानू | कमल साह कानू | ठाकुर साह कानू | जयमङ्गलापुर-५ | सरल कृषि कर्जा | ५३८१ | ९००,००० | ३७,१०० | ९३७,१०० |
| ३० | भरत साह कानू | रामऔतार साह कानू | लखन साह कानू | हरिहरपुर पश्चिम-३ | घरायसी | ५६८३ | ५००००० | ५६,५४५ | ५५६५४५ |
| ३१ | ढोडा राउत | हरिहर राउत | गोपाल राउत | प्रसौनीभाठा-४ | सरल कृषि कर्जा | ५७२३ | १००,००० | ३९,५०० | १३९,५०० |
| ३२ | सञ्जयप्रसाद साह | भिखारी साह कलवार | नथुनी साह कलवार | बिरन्चीबर्वा-५ | घरायसी | ४९८३ | १४०,००० | ३६,८०० | १७६,८०० |
| ३३ | किशोरी साह तेली | बिसुन भन्ने अदालत साह | लगड साह तेली | बैरियाबिर्ता-२ | घरायसी | ५६३७ | १,०००,००० | ४२,०२५ | १,०४२,०२५ |
| ३६ | आराधना ज्वेलर्स प्रो. रामबाबू साह सोनार | इगससन साह सोनार | रामवृक्ष साह | धोरे-४ | व्यापार | ५३७६ | ५००००० | ४०,००३ | ५४०,००३ |
| ३७ | हरेन्द्रप्रसाद महतो | रामसुगन महतो चाई | हरदेव महतो चाई | पोखरिया-५ | घरायसी | ५६८७ | ५००००० | ७४,८०० | ५७४,८०० |
| ३८ | लक्ष्मण महरा चमार | महन्थ महरा चमार | गोपाल महरा चमार | बहुअर्वाभाठा-४ | घरायसी | ४४६४ | ३००००० | ३०,५०० | ३३०,५०० |
| ३९ | ध्रुवप्रसाद बरै | कमल राउत बरै | बचु राउत बरै | सबैठवा-४ | घरायसी | ५५५४ | ३००००० | ४९,५०० | ३४९,५०० |
| ४० | पुनिता देवी | लालबाबू साह तेली | लक्ष्मी साह तेली | बसन्तपुर-८ | व्यापार | ४९४७ | २००,००० | २९,५०० | २२९,५०० |
| ४१ | चम्पाकलीदेवी चाईन | सीताराम महतो चाई | सेवक महतो चाई | शिवबार्वा-९ | घरायसी | ४९२५ | २९४,५२९ | ५२,५०० | ३४७,०२९ |
| ४२ | असर्फी महतो चाई | सीताराम महतो चाई | चौधुर महतो चाई | लहावरथकरी-७ | व्यापार | १९५१ | २००,००० | २९,५०० | २२९,५०० |
| ४३ | छठु साह कानू | जग साह कानू | अनमोल साह कानू | जयमङ्गलापुर | बेचबिखन | ५१४७ | ३००,००० | ४०,७०० | ३४०,७०० |
| ४४ | मदन साह कानू | नारायण साह कानू | सुनर साह कानू | वसन्तपुर-१ | बेचबिखन | ५२९५ | २००००० | ४३,००० | २४३,००० |
| ४५ | लखनलालप्रसाद चौरसिया | देवनारायण राउत बरै | सीताराम राउत बरै | अमरपट्टि-२ | घरायसी | ४७३१ | ५००००० | ६७,५०० | ५६७५०० |
| ४६ | गोपाल इन्टरप्राइजेज प्रो, सुखाडी साह तेली | ठग साह तेली | | मिर्जापुर-९ | कृषि उपज बेचबिखन | ५३९७ | ४९३,२४० | १५४,००० | ६४७,२४० |
| ४७ | जमुना महतो चाई | जागरूप महतो चाई | धुर महतो चाई | शिवबार्वा-८ | घरायसी | ५२९८ | ५००००० | १२९,५०० | ६२९,५०० |
| ४८ | खुशी खाद्यान्न भण्डार प्रो. अशोकप्रसाद कलवार | किशोरीप्रसाद कलवार | अन्नत साह कलवार | प्रसौनीभाठा-२ | व्यापार | ५५९८ | ५००००० | १२०,५०० | ६२०,५०० |
| ४९ | यादव कन्स्ट्रक्शन प्रो. गोवर्द्धन यादव | देवरात राउत अहिर | अन्नत साह कलवार | पोखरिया-८ | एक्साभेटर खरीद | २९८७ | १,७८५,००० | ५४,२७६ | १८३९२७६ |
| ५० | रामविनोद प्रसाद | भविछन राउत कुर्मी | अन्नत साह कलवार | भिखमपुर-८ | घरायसी | ५४१७ | ४५०००० | १०२,५०० | ५५२,५०० |
| ५१ | विश्वनाथ पण्डित | राधा पण्डित | नकछेड पण्डित | शिवबार्वा-४ | घरायसी | ५६५७ | ९००००० | १००,००० | १,०००,००० |
| ५२ | सतेन्द्र सिंह राजपूत | रामआज्ञा सिंह राजपूत | ईनर सिंह राजपूत | शिवबार्वा-५ | बेचबिखन | ३००१ | ५००००० | ८८,००० | ५८८००० |
| ५३ | प्रदीपप्रसाद पटेल | सुनेश्वरप्रसाद कुर्मी | धुपनारायण राउत कुर्मी | धोबिनी-५ | सरल कृषि कर्जा | ५६२४ | ९००००० | ८०,००० | ९८०००० |
| ५४ | पूजा पोल्ट्री फर्म प्रो. मृत्युञ्जयप्रसाद सहनी | ब्रह्मदेव सहनी | ठोढा सहनी मलाह | धोरे-६ | कुखुरापालन | ५३९० | ४९०००० | ७३,००० | ५६३,००० |
| ५५ | सज्जदा जेनेरल स्टोर प्रो. मोहमद कोरिस आलम | महमद हनिफ मियाँ | नियामत मियाँ | सबैठवा-५ | व्यापार | ५३८६ | १०००००० | ६२,५०० | १,०६२,५०० |
| ५६ | तराई एकीकृत कृषि फर्म प्रो. मनौवर अहमद | मनिफ मियाँ तेली | ईसमहम्मद मियाँ तेली | धोबिनी-५ | सहुलियत कर्जा | ५७३४ | ५७६८००० | १४१,५०० | ५,९०९,५०० |
| | | | | | | कुल जम्मा | ३५२२०७४४ | ५,००५,५७६ | ४०,२२६,३२० |

**कृषि विकास बैंक लि.**, प्रदेश कार्यालय, वीरगंज

# दुर्घटनासम्बन्धी ट्राफिक सचेतना कार्यक्रम

प्रस, वीरगंज, ३ मङ्सिर/

सामुदायिक प्रहरी साझेदार कार्यक्रम अन्तर्गत जिल्ला ट्राफिक प्रहरी कार्यालय, पर्सा र ग्रीन सिटी सामुदायिक सेवा केन्द्रको संयुक्त आयोजनामा शुक्रवार ट्राफिक सचेतना कार्यक्रम सम्पन्न भएको छ ।


तस्वीरः सौजन्य

वीरगंज महानगरपालिका क्षेत्रलाई लक्षित गरेर जिल्ला ट्राफिक प्रहरी कार्यालय, पर्साले पन्धदिने ट्राफिक सचेतना कार्यक्रम आयोजना गरेको र आज आठौं दिन आदर्शनगरमा सो कार्यक्रम गरेको ग्रीन सिटीका अध्यक्ष प्रकाश खेतानले बताए । आजको कार्यक्रममा मोटरसाइकल, स्कुटी चालकहरूलाई दुर्घटना सम्बन्धी जानकारी गराइएको थियो ।

करीब एक हजार पम्पलेट वितरण भएको र सोही अनुरूप सवारी चालकहरूलाई सचेतना गराइएको अध्यक्ष खेतानले बताए । सवारी दुर्घटनाबाट जोगिन हेलमेटको प्रयोग, मदिरा, लागूऔषध सेवन गरी सवारी साधन नचलाउने, लाइसेन्स नभएकालाई सवारी साधन चलाउन नदिने, सवारी साधन चलाउँदा राति पशु, चौपाया, खाल्डाखुल्डीबाट जोगिएर चलाउने, ट्राफिक नियम र सङ्केतको पालना गर्नेलगायतका पम्पलेटमा उल्लेख छ ।

कार्यक्रममा जिल्ला ट्राफिक प्रहरी कार्यालय, पर्साका प्रनानि दीपेन्द्र साह, प्रहरी चौकी आदर्शनगरका प्रनानि हीराबहादुर बुढाथोकीलगायतको सहभागिता थियो । ट्राफिक प्रहरी कार्यालय, पर्साले ट्राफिक नियमसँग सम्बन्धित जनचेतनामूलक कार्यक्रमबारे पर्चा र माइकिङबाट पनि सचेतना गराउँदै आएको छ ।

# चन्द्रग्रहणको सूतक लाग्दैन

काठमाडौं, ३ मङ्सिर/रासस

कार्तिक शुक्ल पूर्णिमाका दिन शुक्रवार लाग्ने चन्द्रग्रहण नेपाली आकाशबाट नदेखिने हुनाले ग्रहण बार्नु नपर्ने नेपाल पञ्चाङ्ग निर्णायक समितिले जनाएको छ ।

आंशिकरूपमा लाग्ने र नेपाली आकाशबाट नदेखिने भएकाले समितिले स्वीकृति दिएका पात्रोमा यसबारे उल्लेख नभएको सदस्यसचिव सूर्यप्रसाद ढुङ्गेलले जानकारी दिए । नेपाली समयानुसार दिउँसो १:०३ बजेदेखि लाग्ने चन्द्रग्रहण अपराह्न ४:३२ बजेसम्म देखिने जनाइएको छ ।

एसियाका केही क्षेत्र, अमेरिका, उत्तरी युरोप, अष्ट्रेलिया तथा प्रशान्त महासागरीय क्षेत्रलगायतबाट यो चन्द्रग्रहण देख्न सकिने नेपाल एष्टोनोमिकल सोसाइटीका अध्यक्ष सुरेश भट्टराईले जानकारी दिए । नेपालबाट विरलै छायाँजस्तो भागमात्र देखिने र नाङ्गो आँखाले त्यो पनि देख्न नसकिने उनले बताए । यसपटकको चन्द्रग्रहण पहिले देखिनेभन्दा हल्का रेखा आकारमा देखिने खगोलविद्को दाबी छ ।


## राष्ट्रिय जनगणना २०७८ किन ?

- सरकारी सेवा सुविधामा पहुँच र गरिबी निवारण कार्यक्रम तर्जुमा गर्न,
- विपद् जोखिमको योजना बनाउन,
- विविधतामा एकता कायम गर्न,
- लैंगिक तथा सामाजिक समावेशीकरणको अवस्थावारे जान्न,
- बैवाहिक अवस्था पत्ता लगाउन,
- प्रजनन, सुरक्षित गर्भावस्था, शिशु मृत्युदर र मातृ मृत्युदरको अवस्था थाहा पाउन,
- अपांगता भएका व्यक्तिको अवस्था जान्न,

नेपाल सरकार
विज्ञापन बोर्ड

Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


# एमाले कालिकामाई गापा अध्यक्षमा अनुप तिवारी

प्रस, वीरगंज, ३ मङ्सिर/

नेकपा एमाले कालिकामाई गाउँपालिकाको अधिवेशन सम्पन्न भएको छ ।

शुक्रवार सम्पन्न अधिवेशनले अनुप तिवारीको अध्यक्षतामा ५१ सदस्यीय गापा कमिटी गठन भएको गरेको छ ।

यसअघि पालिका अधिवेशनको उद्घाटन एमाले केन्द्रीय सदस्य निर्मला देवकोटाले गरेकी थिइन् ।

उद्घाटन समारोहमा एमाले पर्साका अध्यक्ष प्रभु हजरा, संविधानसभा सदस्यद्वय प्रद्युम्न चौहान, जयप्रकाश थारू, वडाध्यक्षद्वय पवन तिवारी, सोनालाल चौरसिया, एमाले जिल्ला कमिटीका सदस्यहरू अमिताभबच्चन दास, सुनील चौरसिया, राधा साहलगायतले अधिवेशन सफलताको लागि शुभकामना व्यक्त गरेका थिए ।



तस्वीरः प्रतीक

# तिलावे पुलको डाइभर्सन बन्यो

प्रस, वीरगंज, ३ मङ्सिर/

तिलावे पुलको डाइभर्सन बनेको छ । डाइभर्सन नहुँदा पुरानो पुलबाट एकतर्फी सवारी साधन सञ्चालन भएको र घण्टौं जाम लाग्दै आएको थियो ।


तस्वीरः सौजन्य

नयाँ पुल निर्माणमा ढिला भएको र डाइभर्सनको अभावमा पुरानो एकतर्फी पुलबाट सवारी साधन सञ्चालन हुँदा लामो समयदेखि जाम हुँदै आएको कुरालाई मध्यनजर गर्दै ठेकेदारले जनदबावमा डाइभर्सन बनाएका हुन् ।

गएको बाढीले डाइभर्सन बगाएपछि निर्माण गरिएको थिएन् । हिउँदे याममा जाम लाग्दै आएको थियो ।

पोखरिया युवा समाजले डाइभर्सन निर्माण र नयाँ पुलको निर्माण शुरू गर्न माग गर्दै आन्दोलन गर्दैआएको थियो ।

पुल निर्माण कार्य केही दिनअघि शुरू भएको र आजबाट डाइभर्सन पनि सञ्चालनमा आएको बताइएको छ ।


नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन एकाइ, पर्सा

## प्रस्ताव आह्वानसम्बन्धी सूचना

सूचना नं २०७८/७९-०५ प्रथमपटक सूचना प्रकाशन मितिः २०७८/०८/०३

प्रस्तुत विषयमा परियोजना कार्यान्वयन एकाइ, पर्साको चालू आव २०७८/७९ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गतको **चक्लाबन्दी खेतीमार्फत न्यूनतम ५ हे. क्षेत्रमा पोखरी निर्माण तथा माछा उत्पादन कार्यक्रम** सञ्चालन गर्न जिल्लाभित्रका इच्छुक योग्य आवेदकहरूले प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको परियोजना कार्यान्वयन म्यानुअल-२०७७ को अनुसूची-१० बमोजिमको ढाँचामा तथ्याङ्क फाराम, प्रस्तावित क्रियाकलाप एवं आर्थिक विवरणसहितको आवेदन मिति २०७८/०९/०२ गते कार्यालय समयभित्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**आवेदन साथ अनिवार्य संलग्न गर्नुपर्ने कागजातहरू:**

१. कार्यक्रममा सहभागिताका लागि रु १० को टिकट टाँस गरिएको अनुसूची-१० बमोजिमको आवेदन ।
२. अनुसूची-१० बमोजिमको आवेदनका साथ माग भएका कागजातहरूको प्रतिलिपि (संस्था दर्ता प्रमाणपत्र, VAT/PAN दर्ता प्रमाणपत्र, आवेदक संस्थाको कारोबार खुल्ने आव २०७७/७८ को लेखापरीक्षण प्रतिवेदन आदि)
३. परियोजना कार्यान्वयन एकाइमा आवेदन पेश गर्ने आधिकारिक/अख्तियारप्राप्त व्यक्ति तोकेको निर्णयको प्रतिलिपि ।
४. परियोजना अन्तर्गत आवेदन दिने तथा प्रस्तावित कार्यक्रमका लागि अनुदान माग सम्बन्धमा कार्य/सञ्चालक समितिको निर्णयको प्रतिलिपि ।
५. आवेदन पेस गर्ने आधिकारिक/अख्तियारप्राप्त व्यक्तिको नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।
६. आवेदक संस्थाको नाममा बैंकमा रहेको खाता नं खुल्ने कागजातको प्रतिलिपि ।
७. चक्लाबन्दी खेतीमार्फत न्यूनतम ५ हेक्टर क्षेत्रमा पोखरी निर्माण तथा माछा उत्पादन कार्यक्रममा सहभागिताको लागि सम्बन्धित स्थानीय निकायको सिफारिशपत्र ।
८. कार्यक्रम सञ्चालन हुने स्थानको जग्गाको जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि ।

***नोट:*** *१. परियोजना कार्यान्वयन म्यानुअल-२०७७ को अनुसूची-१० बमोजिमको आवेदन फर्मेट/ढाँचा परियोजना कार्यान्वयन एकाइ, पर्साबाट प्राप्त गर्न सकिनेछ । अन्य कुनै थप जानकारी आवश्यक भएमा परियोजना कार्यान्विन एकाइ, पर्सा वा मोबाइल नं. ९८६०३२३१९९ (दीपेन्द्र चौधरी) वा मोबाइल नं ९८६५१९३१७९ (रिफान चौधरी) मा सम्पर्क गर्न सकिनेछ ।*

**- नि. वरिष्ठ कृषि अधिकृत**

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन एकाइ, पर्सा

## प्रस्ताव आह्वानसम्बन्धी सूचना

सूचना नं.:- २०७८/७९-०३ प्रथमपटक सूचना प्रकाशन मितिः २०७८/०८/०३

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ, पर्साको आव २०७८/७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार धान जोन अन्तर्गतका कार्यक्षेत्रहरू पर्सागढी नपाका वडा नं १, २, ३ र ४, सखुवाप्रसौनी गापाका वडा नं १, २ र ३, पटेर्वासुगौली गापाका वडा नं १, २ र ३, जीराभवानी गापाका वडा नं १, ४ र ५ तथा ठोरी गापाका वडा नं ३, ४ र ५ भित्रका यस एकाइमा सूचीकृत हुनका लागि निवेदन दिएका इच्छुक कृषक समूह/कृषि सहकारी/जल उपभोक्ता समिति/कृषि उद्यमीहरू धान जोन विकास कार्यक्रम अन्तर्गतको तपसिलमा उल्लेख भए अनुसारको कार्यक्रममा सूचीकृत भएपश्चात् सहभागी हुन प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको परियोजना कार्यान्वयन म्यानुअल-२०७७ को अनुसूची-१० बमोजिमको ढाँचामा तथ्याङ्क फाराम, प्रस्तावित क्रियाकलाप एवं आर्थिक विवरणसहितको आवेदन यो सूचना प्रकाशन भएको मितिले २१ दिनभित्र (मिति २०७८/०८/२३ गते कार्यालय समयभित्र) पेस गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| क्र.सं. | कार्यक्रमहरू | माग सङ्ख्या | अनुदान रकम |
|---|---|---|---|
| १ | सहकारी/समूहमार्फत ८५ प्रतिशत अनुदानमा सामुदायिक नर्सरी स्थापना तथा ट्रान्सप्लान्टर मेशिनमार्फत धानको खेती प्रवर्धन कार्यक्रम | १ | कार्यक्रम अनुसार |
| २ | ५० प्रतिशत अनुदानमा चैतेधान खेती/बोरो राइस/बीउ उत्पादन/चक्लाबन्दी कार्यक्रममा संलग्न कृषक समूह/सहकारी/फर्मलाई एकपटक प्राथमिकतामा राखी कृषि यान्त्रीकरण सहयोग कार्यक्रम | १ पटक | कार्यक्रम अनुसार |
| ३ | सिंचाइ पूर्वाधार निर्माण तथा मर्मत सम्भार | २८ | कार्यक्रम अनुसार |
| ४ | पोस्ट हार्भेस्ट क्षति न्यूनीकरण कार्यक्रम | ५ | कार्यक्रम अनुसार |
| ५ | बाली सघनता तथा उत्पादकत्व वृद्धि कार्यक्रम | २ पटक | कार्यक्रम अनुसार |

नोटः १) परियोजना कार्यान्वयन म्यानुअल-२०७७ को अनुसूची-१० बमोजिमको आवेदन फर्मेट/ढाँचा परियोजना कार्यान्वयन एकाइ, पर्सा वा सम्बन्धित पालिकाको कृषि शाखाबाट प्राप्त गर्न सकिनेछ । अन्य कुनै थप जानकारी आवश्यक भएमा परियोजना कार्यान्विन एकाइ, पर्सा वा मोबाइल नं ९८६०३२३१९९ (दीपेन्द्र चौधरी) वा मोबाइल नं ९८६५१९३१७९ (रिफान चौधरी)मा सम्पर्क गर्न सकिनेछ ।

२. परियोजना कार्यान्वयन म्यानुअल-२०७७ को अनुसूची-१० बमोजिमको आवेदन फर्मेट/ढाँचामा उल्लेख भए अनुसारका कागजातहरू आवेदनका साथ अनिवार्य पेश गर्नुपर्नेछ ।

३. पुनश्चः सूची दर्ताका लागि आवेदन दिन छुटेका लक्षित वर्गहरूले यसै सूचना अवधिमा सूचीकृत हुनका लागि आवश्यक कागजातहरूसहितको निवेदन प्रस्ताव पेस गर्ने, आवेदनसँगै पेस गर्न सक्नेछन् ।

***नि. वरिष्ठ कृषि अधिकृत***


**अधिकांश .....**

सुक्खायाममा हुने विपद्जन्य घटना बढ्ने सम्भावना बढ्ने बताए ।

औसतभन्दा तापक्रम घट्ने क्रम काठमाडौं उपत्यकामा गएको अक्टोबर तेस्रो हप्तादेखि नै शुरू भएको हो । मुख्यतः उपत्यकामा भने अक्टोबर २६ देखि अधिकतम तापक्रम औसतभन्दा कम देखिंदै आएको छ । पछिल्लो समय भने न्यूनतम तापक्रमसमेत औसतभन्दा कम देखिन थालेको वरिष्ठ मौसमविद् डा कँडेलले बताए । हाल पोस्ट मनसुनकै समय चलिरहेकोले जाडो यामको आकलन आउन बाँकी नै छ । आइतवारदेखि मौसम सुधार हुने देखिएकोले तापक्रम केही बढ्ने मौसमविद्को अनुमान छ ।

दुई दिन नोभेम्बर १७ (बुधवार) काठमाडौं उपत्यकाको अधिकतम तापक्रम (३० वर्षको औसत तापक्रम २३.२ डिग्री) हो । यसपालि घटेर २२ डिग्रीमा झरेको छ । अघिल्लो वर्ष सोही दिन २२.६ डिग्री थियो । त्यसको अघिल्लो दिनको औसत अधिकतम तापक्रम २२.९ हो । त्यस दिन तापक्रम २१.८ डिग्रीमा झरेको जल तथा मौसम विज्ञान विभागले जनाएको छ । बिहीवार औसत तापक्रम २३.६ हो तर तापक्रम घटेर २२.५ मा आएको थियो ।

मौसमविद्का अनुसार डिसेम्बर, जनवरी, फेब्रुअरीको तापक्रम हेर्दा यसपालि हिउँदमा सरदरभन्दा तापक्रम बढी र सुक्खा हुने सम्भावना बढी छ । सागरमा बनेको निम्न चापीय क्षेत्रका कारण नेपालमा पनि मौसम बदली रहेको छ । हाल प्रदेश नं १ मा आंशिकदेखि सामान्य बदली र अन्य प्रदेशमा सामान्यतया बदली रहेको जल तथा मौसम विज्ञान विभाग मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

महाशाखाका अनुसार मौसम बदलीका कारण सुदूरपश्चिम, कर्णाली, लुम्बिनी, गण्डकी प्रदेश र बागमती प्रदेशका एक/दुई स्थानमा हल्का वर्षाको सम्भावना छ । बागमती, गण्डकी र कर्णाली प्रदेशको उच्च पहाडी तथा हिमाली भूभागका थोरै स्थानमा र बाँकी प्रदेशको उच्च पहाडी तथा हिमाली भूभागका एक-दुई स्थानमा हल्का हिमपातको सम्भावना रहेको जनाइएको छ ।

**बढेको.................**

गरेको भन्दै प्राधिकरणले इन्टरनेटको तार काटेको थियो ।

इन्टरनेटको तार काटिएपछि पोलभाडा विवादलाई दीर्घकालीन समाधान गर्न सञ्चार मन्त्रालयले सहसचिवको नेतृत्वमा छ सदस्यीय समिति गठन गरेको छ । सो समितिलाई पोलभाडा विवाद समाधानका लागि मङ्सिर १५ गतेसम्म प्रतिवेदन बुझाउने समय दिइएको छ ।

**रामनगरी.............**

नगरपालिकाको बजेट रोकिएकोले विद्यालय मात्र होइन, पोखरी र खेतको टेन्डर पनि हुन सकेको छैन । विद्यालय व्यवस्थापन समितिले पूर्णता नपाएर अध्यक्ष चयन हुन सकेको छैन । यसले गर्दा पनि विद्यालयमा समस्या तेर्सिएको विद्यालय व्यवस्थापन समितिका सदस्य राजेन्द्र पडितले बताए । उनले नगर प्रमुख साहको कारण विद्यालयको अवस्था बर्बादीको दिशामा लाग्न थालेको आरोप लगाए ।